# गाउँ शिक्षा योजना

## पञ्चेश्वर गाउँपालिका

## (२०८३-२०९२)




प्रकाशक

पञ्चेश्वर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
















पञ्चेश्वर गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०३/०९

## सल्लाहकार समिति

१. श्री गोरख बहादुर चन्द, गाउँपालिका अध्यक्ष - संयोजक
२. श्री बिना भट्ट, गाउँपालिका उपाध्यक्ष - सदस्य
३. श्री राम बहादुर भण्डारी, प्रमुख प्रशासकीय अधिकृत - सदस्य
४. श्री कृष्ण बहादुर बोहरा, प्रशासकीय अधिकृत - सदस्य

## प्राविधिक/लेखन कार्यदल

१. श्री माहामल सिंह घटाल, शिक्षा अधिकृत सातौं, पञ्चेश्वर गा.पा. बैतडी - संयोजक
२. श्री मोती सिंह मंगोला, क्याम्पस प्रमुख, नवप्रभात संयुक्त क्याम्पस कुलाउ, बैतडी - सदस्य
३. श्री गंगा दत्त तिवारी, सेवा निवृत शिक्षक कुलाउ मा.वि. कुलाउ, बैतडी - सदस्य
४. श्री धनबिर राम सार्की, प्रधानाध्यापक, कुलाउ मा.वि., बैतडी - सदस्य
५. श्री विनोद प्रसाद भट्ट, प्रधानाध्यापक, जवलपुर मा.वि., बैतडी - सदस्य
६. श्री गणेश सिह भण्डारी, प्रधानाध्यापक, नागार्चन मा.वि., बैतडी - सदस्य
७. श्री शुक्र बहादुर चन्द, प्रधानाध्यापक, देवथला मा.वि., बैतडी - सदस्य
८. श्री परमानन्द भट्ट, निम्न माध्यमिक शिक्षक, कुलाउ मा.वि., बैतडी - सदस्य
९. श्री यतिस तिवारी, शिक्षा अधिकृत छैटौं, पञ्चेश्वर गा.पा., बैतडी - सदस्य सचिव

# हाम्रो भनाइ

शिक्षा मानव सभ्यता र समग्र विकासको मूल आधार हो। समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षा बिना दिगो सामाजिक तथा आर्थिक समृद्धिको परिकल्पना सम्भव छैन। नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा ग्यारेन्टी गर्दै आधारभूत र माध्यमिक तहको शिक्षा व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी स्थानीय तहलाई सुम्पिएको छ। यही संवैधानिक भावना, जनआकांक्षा र स्थानीय आवश्यकतालाई केन्द्रमा राखेर हामीले यो गाउँ शिक्षा योजना तर्जुमा गरेका छौं।

पछिल्ला वर्षहरूमा हाम्रा गाउँ-घरमा शैक्षिक पहुँच र पूर्वाधारमा उल्लेख्य विस्तार भएको छ। तथापि, सिकाइ उपलब्धिलाई माथि उठाउनु, शैक्षिक समानता कायम गर्नु, आधुनिक सूचना प्रविधिको प्रयोग बढाउनु र शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गर्नु हाम्रा सामु अझै ठूला चुनौतीका रूपमा रहेका छन्। भौगोलिक विकटता, सामाजिक-आर्थिक असमानता, लैङ्गिक विभेद र अपाङ्गताका कारण सिर्जित बाधाहरूलाई पन्छाउँदै हरेक बालबालिकालाई गुणस्तरीय शिक्षाको मूलधारमा ल्याउन हामीले अझै धेरै काम गर्न बाँकी नै छ।

यो योजना केवल कागजी दस्तावेज मात्र नभई हाम्रा स्थानीय आवश्यकता, उपलब्ध स्रोत-साधन र सम्भावनाहरूलाई टेकेर शिक्षा क्षेत्रको समग्र रूपान्तरणका लागि कोरिएको स्पष्ट मार्गचित्र हो। यसलाई राष्ट्रिय विद्यालय शिक्षा क्षेत्र योजना र अन्तर्राष्ट्रिय दिगो विकास लक्ष्यसँग तादात्म्यता मिलाएर तयार पारिएको छ, जसले हाम्रो शिक्षा प्रणालीलाई थप व्यवस्थित, समावेशी र परिणाममुखी बनाउनेछ।

हाम्रो दृढ मान्यता छ; *'शिक्षा केवल कक्षाकोठा वा विद्यालयको सीमाभित्र सीमित हुने प्रक्रिया मात्र होइन्; यो त जीवनभर चलिरहने रूपान्तरणको यात्रा हो।'*

बालमैत्री, सुरक्षित, समावेशी र प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकको दक्षता अभिवृद्धि, समुदायको सक्रिय सहभागिता र पारदर्शी शासन व्यवस्थाबाट नै शिक्षामा दिगो सुधार सम्भव छ भन्नेमा हामी विश्वस्त छौं। यस योजनाको सफल र प्रभावकारी कार्यान्वयनका लागि जनप्रतिनिधि, शिक्षक, विद्यार्थी, अभिभावक, नागरिक समाज, निजी क्षेत्र र विकास साझेदारहरू सबैको आत्मीय सहकार्य एवं ऐक्यबद्धता अनिवार्य छ।

आउनुहोस्, हामी सबै मिलेर हातेमालो गरौं। सामूहिक प्रयास र निरन्तर प्रतिबद्धतामार्फत आफ्नो गाउँलाई सिकाइमैत्री, समावेशी र गुणस्तरीय शिक्षाको एक उत्कृष्ट नमुना स्थानीय तहका रूपमा स्थापित गर्ने दृढ सङ्कल्प व्यक्त गर्दछौं।

पञ्चेश्वर गाउँपालिका

# योजनाको सारांश

गाउँ शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो। प्रारम्भिक बालविकासदेखि माध्यमिक एवम् वैकल्पिक र आजीवन शिक्षासम्मका सम्पूर्ण क्षेत्रलाई यस योजनाले एकीकृत ढाँचामा समेटेको छ। शिक्षामा समतामूलक पहुँचको विस्तार, सिकाइ उपलब्धिका स्तरमा सुधार, शिक्षक एवम् शैक्षिक जनशक्तिको सबलीकरण तथा विद्यालय सुशासनको सुदृढीकरणलाई यसका प्रमुख उद्देश्यका रूपमा लिइएको छ। यसका अतिरिक्त, आधुनिक प्रविधिको उच्चतम प्रयोग गर्दै सुरक्षित, बालमैत्री र प्रेरणादायी शिक्षण वातावरण तयार गर्नु यस योजनाको मुख्य ध्येय रहेको छ।

यस योजनाको निर्माण वस्तुनिष्ठ तथ्याङ्कको विश्लेषण, विद्यालयहरूको स्थलगत अध्ययन, सरोकारवालाहरूसँगको गहन परामर्श एवम् स्थानीय आवश्यकताको सूक्ष्म पहिचानमा आधारित छ। योजनाले विद्यार्थी भर्ना तथा निरन्तरता, कक्षा छाड्ने दरमा कमी, लक्षित वर्ग (बालिका, दलित, अपाङ्गता भएका बालबालिका एवम् सीमान्तकृत समुदाय) केन्द्रित विशेष व्यवस्था तथा अनौपचारिक/वैकल्पिक शिक्षालाई प्रमुखता दिएको छ।

कार्यान्वयन रणनीति अन्तर्गत स्पष्ट लक्ष्य, परिणाममुखी सूचक, वार्षिक कार्ययोजना, वस्तुनिष्ठ अनुगमन र मूल्याङ्कनको व्यवस्था गरिएको छ। यसमा स्थानीय स्रोतको दक्षतापूर्वक परिचालन, अन्तर-सरकार समन्वय र सामुदायिक सहभागितालाई मूल स्तम्भका रूपमा अघि सारिएको छ।

निष्कर्षमा, यो शिक्षा योजना स्थानीय तहको समग्र शैक्षिक रूपान्तरणका लागि एक कोसेढुङ्गा सावित हुनेछ। यसको सफल कार्यान्वयनबाट सम्पूर्ण बालबालिकाले समतामूलक, गुणस्तरीय र जीवनोपयोगी शिक्षा प्राप्त गर्दै सामाजिक न्याय र दिगो विकासको लक्ष्य हासिल गर्न महत्त्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## क) विषय प्रवेश

संविधानतः संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ। नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भअनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ। यस सन्दर्भमा

स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्वपूर्ण मानिन्छ ।

स्थानीय शिक्षा योजना स्थानीय तहभित्र समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समतामूलक शिक्षाको पहुँच सुनिश्चित गर्ने हेतुले तयार पारिने एक मध्यकालीन तथा दीर्घकालीन रणनीतिक दस्तावेज हो। यसले प्रारम्भिक बालविकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यावसायिक शिक्षाका साथै अनौपचारिक एवम् आजीवन सिकाइका सम्पूर्ण आयामलाई एकीकृत गर्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम र बजेटको मार्गदर्शन गर्दछ। यसका अतिरिक्त, राष्ट्रिय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) र दिगो विकास लक्ष्य (SDG-4) सँग स्थानीय शैक्षिक प्राथमिकताहरूको समन्वय कायम गर्न यसले सेतुको काम गर्दछ।

यो योजना निर्माण प्रक्रिया तथ्यपरक, सहभागीमूलक र पूर्ण रूपमा समावेशी हुनु अपरिहार्य छ। यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, स्थानीय समुदाय र विषयगत विज्ञहरूको सक्रिय सहभागिता गराइन्छ। योजनाले शिक्षामा विद्यमान असमानता, पहुँच र गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरण, अपाङ्गताअनुकुल पूर्वाधार, डिजिटल प्रविधि र विपद् प्रतिरोधी शिक्षा जस्ता विषयहरूलाई गम्भीरताका साथ सम्बोधन गर्दछ।

यसरी तयार पारिने योजनाले स्थानीय तहको शैक्षिक लगानीको प्राथमिकता तय गर्न, स्रोतको समुचित परिचालन गर्न र परिणाममुखी कार्यान्वयन सुनिश्चित गर्न योगदान पुर्‍याउँछ। स्पष्ट दूरदृष्टि, लक्ष्य र नतिजामूलक सूचकहरूमा आधारित स्थानीय शिक्षा योजनाले गाउँपालिकालाई आफ्ना नागरिकका लागि दिगो र समतामूलक शिक्षा प्रणाली निर्माणतर्फ उन्मुख गराउँछ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा केवल ज्ञानको हस्तान्तरण मात्र होइन; यो त सामाजिक समानता, आर्थिक समृद्धि र मानवीय विकासको मूल आधारस्तम्भ पनि हो। जबसम्म हाम्रा बालबालिकाले गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा पाउँदैनन्, तबसम्म दिगो विकासको सपना केवल कल्पनामा मात्र सीमित रहन्छ।संघीय शासन प्रणालीको कार्यान्वयनसँगै शिक्षाको योजना, व्यवस्थापन र सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी गाउँ-गाउँमा पुगेको छ। यो केवल प्रशासनिक अधिकारको विकेन्द्रीकरण मात्र होइन, आफ्नो ठाउँको बालबालिकाको भविष्य आफ्नै हातमा लिने एउटा ऐतिहासिक अवसर पनि हो।यस्तो अवस्थामा स्थानीय आवश्यकता र सम्भावनालाई सम्बोधन गर्ने व्यवस्थित शिक्षा योजनाको आवश्यकता र औचित्य अझ बढेर गएको छ ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो । देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा

सांस्कृतिक विविधता विद्यमान छ । एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ । यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो । शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ ।

समावेशिता, समानता र सामाजिक न्याय प्रवर्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो । बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ । शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुर्‍याउँछ ।

त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ । शिक्षकको पेसागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण-सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ । साथै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ ।

यसरी, शिक्षा योजना सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ मात्र नभई स्थानीय आवश्यकता र राष्ट्रिय सपनालाई जोड्ने एउटा बलियो सेतु पनि हो। संघीय शासन प्रणालीले शिक्षाको योजना र व्यवस्थापनको अधिकार स्थानीय तहमा सुम्पिएसँगै गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा सुनिश्चित गर्न व्यवस्थित योजना निर्माणको औचित्य अझ बढेको छ। स्पष्ट दृष्टि र रणनीति बिना सञ्चालित शैक्षिक कार्यक्रमहरूले अपेक्षित नतिजा दिन नसक्ने हुँदा स्थानीय शिक्षा योजनाले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4) र राष्ट्रिय शिक्षा

नीतिसँग समन्वय गर्दै समग्र शिक्षा प्रणालीलाई उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउन स्पष्ट दिशा प्रदान गर्दछ ।

## ग) योजना निर्माण प्रक्रिया

शिक्षा योजना निर्माण गर्दा देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको छ।

क) नेपालको संविधान
ख) सोह्रौं आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
ङ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच
च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
छ) विद्यालय शिक्षा क्षेत्र योजना, २०७९-२०८८
ज) राष्ट्रिय शिक्षा नीति, २०७६
झ) दिगो विकास लक्ष्य
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
ट) स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१)
ठ) स्थानीय तहको मध्यकालीन खर्च संरचना
ड) राष्ट्रिय जनगणनाको प्रतिवेदन-२०७८
ढ) राजनीतिक दलका घोषणापत्रहरु
ण) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि।

त्यसै गरी योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्बन गरिएको छः

क) शिक्षा समिति बैठकको निर्णय
ख) सल्लाहकार समितिको गठन
ग) योजना निर्माण कार्यदल गठन
घ) सरोकारवालाहरुबाट प्राप्त राय-सुझावहरू समेटिएका विभिन्न प्रतिवेदनहरूको अध्ययन र विश्लेषण
ङ) प्रथम मस्यौदा तयारी

च) योजनाको अन्तिम रुप

छ) योजनाको मूल्यांकन

ज) योजनाको स्वीकृति र कार्यान्वयन

## घ) योजनाको दस्तावेजको स्वरूप

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्याहरु चुनौतीहरु र अवसरहरु उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरु प्रस्तुत गरिएको छ ।

परिच्छेद -तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ । यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन् । परिच्छेद-चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन् । परिच्छेद -पाँचमा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको प्रबन्ध समावेश गरिएको छ । परिच्छेद -छमा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ । परिच्छेद-सातमा योजनाको अनुगमन तथा मूल्याङ्कनसँग सम्बन्धित विषयहरु उल्लेख गरिएको छ ।

# सङ्क्षेपीकरण

| | | |
|---|---|---|
| आ.व. | - | आर्थिक वर्ष |
| आ.वि. | - | आधारभूत विद्यालय |
| एस.ई.ई. | - | सेकेन्डरी एजुकेशन इग्ज्यामिनेइसन |
| कि.मि. | - | किलोमिटर |
| प्र.अ. | - | प्रधानाध्यापक |
| वि.व्य.स. | - | विद्यालय व्यवस्थापन समिति |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| शि.अ.सं. | - | शिक्षक अभिभावक संघ |
| CEHRD | - | Center for Education and Human Resource Development |
| CTEVT | - | Council for Technical Education and Vocational Training |
| GEST | - | Gender Equality Studies and Training |
| ICT | - | Information and Communications Technology |
| IEMIS | - | Integrated Educational Management Information System |
| LESPG | - | Local Education Sector Plan Guidelines |
| NSO | - | National Statistics Office |
| QAA | - | Quality Assurance and Accreditation |
| SDG-4 | - | Sustainable Development Goal 4 |
| SESP | - | School Education Sector Plan |
| TEVT | - | Technical Education and Vocational Training |
| UGC | - | University Grants Commission |

# विषयसूची


हाम्रो भनाइ
योजनाको सारांश
सङ्क्षेपीकरण

परिच्छेद १ : परिचय १

१.१ वर्तमान अवस्था १
१.२ सबल पक्षहरु ५
१.३ शिक्षा क्षेत्रका समस्याहरू ६
१.४ अवसरहरू ८
१.५ चुनौतीहरू ९

परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण १०

२.१ दूरदृष्टि १०
२.२ लक्ष्य १०
२.३ उद्देश्य १०
२.४ रणनीतिहरु १०
२.५ कार्यनीतिहरु १३
२.६ अपेक्षित उपलब्धि १८
२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण १९

परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र २३

३.१ प्रारम्भिक बालविकास र शिक्षा २३
३.२ आधारभूत शिक्षा २७
३.३ माध्यमिक शिक्षा ३२
३.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ ३६
३.५ प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम ३९
३.६ उच्च शिक्षा ४३

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय क्षेत्रहरु ४६
४.१ पाठ्यक्रम र मूल्याङ्कन ४६
४.२ शिक्षक व्यवस्थापन र विकास ४९
४.३ शैक्षिक समता र समावेशीकरण ५१
४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाइ कार्यक्रम ५४
४.५ आपतकालीन अवस्थामा शिक्षा ५७
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ६०
४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि ६२

परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन ६६

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ६६
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ७१

परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन ७५

६.१ वर्तमान अवस्था ७६
६.२ उद्देश्यहरु ७७
६.३ रणनीतिहरू ७७
६.४ प्रमुख उपलब्धि ७७
६.५ विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र र अन्तरसम्बन्धित विषयक्षेत्रहरुमा प्राप्त हुने अनुमानित बजेट ७८

परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन ७९

७.१ वर्तमान अवस्था ७९
७.२ उद्देश्यहरू ८०
७.३ रणनीतिहरू ८१
७.४ प्रमुख उपलब्धि तथा नतिजा ८१
७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ८२

अनुसूचीहरु ८३

# परिच्छेद १
# परिचय

## १.१ वर्तमान अवस्था

### क) भौगोलिक अवस्थिति

पञ्चेश्वर गाउँपालिका नेपालको सूदुरपश्चिम प्रदेश अन्तर्गत बैतडी जिल्लाको दक्षिण पश्चिम भेगमा अवस्थित छ। राज्यको पुन संरचना पश्चात संघीयतामा जाँदा नेपाल सरकारले स्थानीय निकायलाई स्थानीय तहमा लगेसँगै साविकका पञ्चेश्वर गा.वि.स., महाकाली गा.वि.स. वडा नं. १ देखि ६ सम्म, कुलाउ गाविसको वडा नं. १ देखि ८, आम्चौरा गाविस, गिरेगाडा गाविस र रोडिदेवल गाविसको वडा नं. १, २,३,८ र ९ लाई समायोजन गरि पञ्चेश्वर गाउँपालिका गठन भएको हो। जिल्ला सदरमुकाम गोठालापानीबाट यो गाउँपालिका १३ कोष दुरीमा रहेको छ । यो गाउँपालिकाको पूर्वमा मेलौली नगरपालिका र शिवनाथ गाउँपालिका, पश्चिममा भारतको उत्तराखण्ड राज्य, उत्तरमा दशरथचन्द नगरपालिका तथा दक्षिणमा शिवनाथ गाउँपालिका रहेको छ । जम्मा ६ ओटा वडा रहेको यो गाउँ पालिकाको मुख्य भौगोलिक अवस्थिति (आमचौरा क्षेत्र) करिब २९.४४° उत्तर **(latitude 29.442887°N)** अक्षांश र ८०.३२° पूर्व **(longitude 80.325084°E)** देशान्तरमा रहेको छ। यो गाउँपालिका सुदूरपश्चिम प्रदेशको नेपाल-भारत सीमानामा महाकाली नदीको किनारमा अवस्थित छ, जहाँ पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको स्थल पनि पर्दछ। भौगोलिक विकटताले गर्दा विकासका मूख्य पूर्वाधार खानेपानी, विद्युत, सडक यातायात आदिको समेत पूर्ण विकास तथा विस्तार हुन सकेको छैन । यस गाउँपालिकामा धुरा कैलपाल, उदयदेव मन्दिर, देवताल मन्दिर, नागार्जुन मन्दिर, पञ्चेश्वर मन्दिर, चारखाम चौमू मन्दिर, बालाचौमू मन्दिर लगायतका धार्मिक तथा पर्यटकीय स्थलहरु रहेको छन् ।

### ख) जनसाङ्ख्यिक संरचना

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १७,७९६ रहेको छ ।जसमा महिलाको सङ्ख्या ९६३६ (५४.१%) र पुरुषको सङ्ख्या ८१६० (४५.९%) रहेको छ। औसत परिवार संख्या ४.९८ रहेको छ। यस गाउँपालिकाको जनसङ्ख्या वृदिदर -०.५१ (ऋणात्मक) रहेको छ । यस गाउँपालिकाको साक्षरता दर ७६.३ रहेको छ जसमा महिला साक्षरता ६६.८ र पुरुष

साक्षरता ८७.८ रहेको छ ।राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको जनघनत्व १४८ जना प्रतिवर्ग किलोमिटर रहेको छ। यस गाउँपालिकामा कुल ३,५७४ घरधुरी रहेका छन् भने प्रतिघरधुरी औसत परिवार सदस्य सङ्ख्या (औसत परिवार आकार) ४.९८ जना रहेको छ, जुन राष्ट्रिय औसत भन्दा केही बढी हो। यहाँको लैङ्गिक अनुपात (प्रति १०० महिलामा पुरुषको सङ्ख्या) ८४.६८ रहेको छ, जसले पुरुषको तुलनामा महिलाको जनसङ्ख्या उल्लेख्य रूपमा बढी रहेको र वैदेशिक वा आन्तरिक रोजगारीका कारण युवा पुरुषहरू बाहिरिने क्रमको प्रभावलाई सङ्केत गर्दछ।

## ग) सामाजिक तथा सांस्कृतिक अवस्था

पञ्चेश्वर गाउँपालिका सामाजिक तथा सांस्कृतिक दृष्टिले ऐतिहासिक महत्व बोकेको क्षेत्र हो। यस गाउँपालिकामा चन्द, भट्ट, भण्डारी, कलौनी, मंगोला, तिवारी, साउद, घटाल, जोशी, तिर्वा, औजी, ओड, पार्की, दमाइ, सार्की, सेरला, पेला, हल्दाल, मातर, महर, पुजारा, टुकुरिया, धामी, धौनी, लोहार, बस्केल आदि जात जातिको बसोबास रहेको छ । यस गाउँपालिकामा सामाजिक कार्यमा ऐँचोपैँचो, पड्म, होस्टेहैँसे, जन्ती, मलामी, सरसफाइ, नाचगान र रमाइलो गरेर मेलापर्व मनाउने, एकले अर्कोलाई सहयोग गर्ने, धार्मिक तथा जातीय सद्भाव राख्ने गरेको पाइन्छ। विविध भाषा, धर्म र परम्पराहरूले यहाँको सामाजिक बनावटलाई समृद्ध बनाएका छन्। यस क्षेत्रमा धार्मिक तथा सांस्कृतिक पर्व,उत्सवहरू जस्तै गौरा, दसैं, तिहार, गङ्नान, बिसपति, होली, बुढी पोल्ने, हरेलो, ओल्के, जाँत (धुरा जाँत, गणमेश्वर जाँत, धामकुडी जाँत) लगायत अन्य स्थानीय मेला चाडपर्वहरू मनाइन्छन् ।पञ्चेश्वर गाउँपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था विविधतायुक्त भएता पनि बसाइ सरेर तराई तथा सहर तिर जाने र जनसङ्ख्या वृद्धिदर ऋणात्मक रहेको कारण सांस्कृतिक क्षयको जोखिम र सामाजिक असमानता जस्ता चुनौतीहरू पनि देखिन्छन्। तसर्थ, समावेशी विकास नीति, सांस्कृतिक संरक्षण कार्यक्रम र लैङ्गिक समानतामा केन्द्रित पहलहरू आवश्यक देखिन्छन्।

## घ) आर्थिक अवस्था

पञ्चेश्वर गाउँपालिका विकट ग्रामीण क्षेत्र भएकाले यसको अर्थतन्त्र मुख्यतः कृषि क्षेत्रमा केन्द्रित रहेको छ। विकट भौगोलिक बनावट र विकासका पूर्वाधारहरुको विकास तथा विस्तार नहुँदा फलफूल उत्पादन, तरकारी खेती, कुखुरा पालन, मौरी पालन, गाईभैंसी पालन आदि कृषिमा आधारित पेसा व्यवसायहरुमा मात्रै सीमित भएको देखिन्छ। पञ्चेश्वर गाउँपालिकाको आर्थिक अवस्था अवसर र चुनौती दुवै पक्षबाट प्रभावित छ। विशेषगरी सुन्तला, कागती र अन्य अमिलो जातका फलफूलको

व्यावसायिक उत्पादन गरी यहाँ उत्पादित वस्तुहरूलाई धनगढी वा महेन्द्रनगर जस्ता तराईका सहरसम्म पुऱ्याउन सके राम्रो आम्दानी हुने देखिन्छ। घाँसका लागि प्रशस्त चरन क्षेत्र भएकाले व्यावसायिक बाख्रापालन र दुग्ध उत्पादनको उच्च सम्भावना समेत देखिन्छ। पञ्चेश्वर धाम धार्मिक पर्यटनको केन्द्र बन्न सके प्रसिद्ध यस धाम (शिब मन्दिर) मा दर्शनार्थीहरूको संख्या बढाउन सके होटेल र स्थानीय उत्पादनको व्यापार फस्टाउँने देखिन्छ। त्यसैगरी महाकाली नदीमा र्‍याफ्टिङ (Rafting) र जलयात्राको सुरुवात गर्न सकिन्छ। स्थानीय संस्कृति र खानपानलाई प्रवद्र्धन गर्दै ग्रामीण पर्यटनको विकास गर्न सकिन्छ।

यस भेगमा पाइने बहुमूल्य जडीबुटीहरूलाई संकलन र प्रशोधन गरी बाहिर पठाउन सकिन्छ। त्यसैले स्थानीय सरकारले सीपमूलक तथा प्राविधिक शिक्षा प्रवर्धन, स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरू विकास, महिला तथा युवामुखी उद्यमशीलता कार्यक्रम सञ्चालन र उत्पादनमुखी क्षेत्र विस्तारमा विशेष ध्यान दिन आवश्यक देखिन्छ। व्यवस्थित विकास योजना, दिगो पूर्वाधार विकास र स्थानीय स्रोत-साधनको अधिकतम उपयोग गर्न सके पञ्चेश्वर गाउँपालिकाको अर्थतन्त्रलाई थप सबल, समावेशी र प्रतिस्पर्धात्मक बनाउन सकिन्छ।

## शैक्षिक अवस्था

पञ्चेश्वर गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा भौतिक संरचनाहरुको विस्तार र गुणस्तर सुधार भइ रहेको देखिन्छ। गाउँ पालिकामा १ ओटा त्रिभुवनविश्वविद्यालयबाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस, ३२ ओटा सामुदायिक विद्यालय जसमा ९ ओटा माध्यमिक विद्यालय र २६ ओटा आधारभूत विद्यालयहरु, २ ओटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा हुनु शिक्षामा पहुँचको दृष्टिले सकारात्मक आधार हो। यसले आधारभूत तथा माध्यमिक तहसम्मको शैक्षिक पहुँच सुनिश्चित गर्न सहयोग पुगेको देखिन्छ। तर घट्दो जनसंख्या र तराईतिर बसाइसरेर जाने कारण विद्यालयहरुमा तीव्र गतिमा विद्यार्थी सङ्ख्या घटदा शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजनको कार्य गर्नुपर्ने देखिन्छ । विद्यालय समायोजन गर्दा समायोजित विद्यालयका भवन, कक्षा कोठा, खेलमैदान जस्ता भौतिक पूर्वाधारको उपयोगमा समस्या आउने देखिन्छ । गाउँ पालिकाले आफ्नो शिक्षा नीतिमा शत प्रतिशत भर्ना दर पुऱ्याउने र विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याउने लक्ष्य राखेको छ ।

शिक्षक व्यवस्थापनका दृष्टिले विषयगत शिक्षक अभाव प्रमुख चुनौतीका रूपमा देखिएको छ, विशेष गरी विज्ञान र गणित विषयमा यसले सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पार्न सक्छ। शिक्षकहरूको क्षमता विकास तालिम र अनुसन्धान प्रवर्धनका कार्यक्रमका लागि सकारात्मक पहल भए पनि तिनको प्रभावकारिता विद्यालयस्तरमा देखिनका लागि निरन्तर अनुगमन आवश्यक छ।

विद्यार्थी भर्ना दर सन्तोषजनक भए पनि केही बालबालिका विद्यालय कहिल्यै नगएका वा बीचैमा छोड्ने समस्या कायम छ। गरिबी, पारिवारिक अवस्था, बसाइँसराइ र सिकाइप्रतिको अभिरुचि जस्ता कारणले ड्रपआउट दर प्रभावित हुन सक्छ। "भर्ना शतप्रतिशत" र "ड्रपआउट शून्य" लक्ष्य हासिल गर्न सामाजिक परिचालन, छात्रवृत्ति, दिवा खाजा तथा पोशाक कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक देखिन्छ। सिकाइ उपलब्धि सुधारका लागि शिक्षक क्षमता, नियमित मूल्याङ्कन प्रणाली र प्रविधि एकीकरण अपरिहार्य छन्।

लैङ्गिक तथा सामाजिक समावेशीकरणका सन्दर्भमा कुल साक्षरता दर उच्च भए पनि पुरुष र महिलाबीचको अन्तरले समान अवसर सुनिश्चित गर्न अझै प्रयास आवश्यक रहेको देखाउँछ। अपाङ्गता भएका विद्यार्थी, दलित तथा सीमान्तकृत समूहलाई छात्रवृत्ति, विशेष शिक्षण सामग्री र समावेशी पूर्वाधार उपलब्ध गराउने नीति सकारात्मक छ। शारीरिक, दृष्टि, श्रवण वा अटिजम जस्ता विभिन्न प्रकृतिका अपाङ्गताअनुसार सहयोगको व्यवस्था गर्ने योजना समावेशी शिक्षाको गुणस्तर अभिवृद्धिका लागि महत्वपूर्ण आधार हो।

वातावरणमैत्री तथा बालमैत्री पूर्वाधार निर्माण, सुरक्षित खानेपानी, समावेशी शौचालय र हरित विद्यालय अवधारणा लागू गर्ने प्रयासले सिकाइ वातावरण सुधारतर्फ संकेत गर्दछ। तर सबै विद्यालयमा आधुनिक प्रयोगशाला, कम्प्युटर ल्याब र तीव्र गतिको इन्टरनेट सुविधा उपलब्ध नभएकाले प्रविधिमा असमानता देखिन्छ।

शिक्षा क्षेत्रमा बजेट वृद्धि, स्मार्ट प्रविधि प्रयोग, प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार र निजी क्षेत्रसँग साझेदारी गर्ने नीतिले दीर्घकालीन रूपमा सकारात्मक सम्भावना बोकेको छ। यदि यी कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिए भने सिकाइ उपलब्धि सुधार, रोजगारीसँग शिक्षा जोड्ने अवसर र समावेशी गुणस्तरीय शिक्षा प्रणाली विकास हुने सम्भावना उच्च देखिन्छ।

## १.२ सबल पक्षहरु

पञ्चेश्वर गाउँपालिकाले शिक्षा क्षेत्रमा उल्लेखनीय सकारात्मक तथा असल अभ्यासहरू कार्यान्वयनमा ल्याएको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको अधिकारको प्रभावकारी उपयोग गर्दै आधारभूत तथा माध्यमिक शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने दिशामा विद्यार्थी भर्ना अभियान, विशेष छात्रवृत्ति कार्यक्रम, दिवा खाजा जस्ता कार्यक्रम सञ्चालन गरिएका छन्। यी कार्यक्रमहरूले गरिब, विपन्न तथा सीमान्तकृत परिवारका बालबालिकालाई विद्यालयमा टिकाइ राख्न महत्वपूर्ण योगदान पुऱ्याएका छन्।विद्यालय वातावरण सुधारका लागि बालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइएको छ । सुरक्षित खानेपानी, समावेशी शौचालय र हरित परिसर निर्माणले विद्यालयलाई सिकाइअनुकुल बनाउने दिशामा सकारात्मक परिणाम देखाउन थालेको छ।

शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रविधि एकीकरणमा विशेष ध्यान दिइएको छ। स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला विस्तार, इन्टरनेट जडान तथा डिजिटल सामग्रीको प्रयोगले आधुनिक शिक्षण सिकाइ प्रक्रिया प्रवर्धन गरेको छ। जसले समग्र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

समावेशी शिक्षाको क्षेत्रमा महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा अन्य सीमान्तकृत समूहलाई विशेष प्राथमिकता दिइएको छ। अपाङ्गताका प्रकृतिअनुसार सहायक सामग्री, छात्रवृत्ति तथा आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था गरिएको छ। महिला शिक्षकहरूको नेतृत्व विकास तालिमले विद्यालय व्यवस्थापन र शैक्षिक नेतृत्वमा लैङ्गिक सन्तुलन कायम गर्न सहयोग पुऱ्याएको छ।

यसका अतिरिक्त, सामुदायिक सिकाइ केन्द्रहरूको सक्रियता बढाई वयस्क साक्षरता, निरन्तर शिक्षा र जीवनोपयोगी सीप विकास कार्यक्रम सञ्चालन गरिएको छ। विद्यालयस्तरमा नियमित शैक्षिक अनुगमन, उपलब्धि परीक्षण, अभिभावक शिक्षक अन्तरक्रिया, अतिरिक्त क्रियाकलाप, विज्ञान प्रदर्शनी तथा प्रतिभा पहिचान कार्यक्रमहरू सञ्चालन गरी सिकाइ उपलब्धि सुधारमा ध्यान दिइएको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार गरी युवाहरूलाई स्वरोजगार र उद्यमशीलतातर्फ उन्मुख गराउने पहल पनि अघि बढाइएको छ।

समग्रमा, पञ्चेश्वर गाउँपालिकाले शिक्षामा पहुँच, गुणस्तर, समावेशीकरण र दिगोपनालाई एकसाथ सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ। यदि यी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, निरन्तर अनुगमन

र स्रोत व्यवस्थापन सुनिश्चित गर्न सकियो भने स्थानीय स्तरमै गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकासको नमुना स्थापित हुनसक्ने सम्भावना प्रबल रहेको छ।

## १.३ शिक्षा क्षेत्रका समस्याहरू

पञ्चेश्वर गाउँपालिकाको शिक्षा क्षेत्रका विद्यमान समस्याहरूलाई देहाय बमोजिम विश्लेषण गरिएको छ।

### क) समतामूलक पहुँच र सहभागिता

विद्यालय भर्ना दर सन्तोषजनक रहे तापनि गरिबी, प्रतिकुल पारिवारिक अवस्था, बसाईँसराइ र चेतनाको कमीका कारण बालबालिकाहरू बीचैमा विद्यालय छोड्ने (ड्रपआउट) समस्या अझै कायम छ। विशेष गरी अपाङ्गता भएका, दलित, एवं जटिल परिवेशमा रहेका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा अर्थपूर्ण रूपमा सहभागी गराउनु अझ बढी चुनौतीपूर्ण देखिएको छ। अर्कोतर्फ, अभिभावक शिक्षाको अभावले गर्दा घर र विद्यालयबीचको आवश्यक समन्वय कमजोर हुन पुगेको छ। अतः शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नका लागि लक्षित सहयोग, व्यापक सामाजिक परिचालन र अभिभावक सशक्तीकरणका कार्यक्रमहरूलाई थप सुदृढ बनाउनु अपरिहार्य देखिन्छ।

### ख) गुणस्तर र सान्दर्भिकता

शिक्षा प्रणालीमा अझै पनि पुरानो कण्ठ गर्ने र परीक्षा उत्तीर्ण गर्ने शैलीकै दबदबा छ, जसले गर्दा विद्यार्थीहरूमा आफैं सोच्ने र नयाँ कुरा खोज्ने क्षमताको विकास हुन पाएको छैन। कक्षाकोठाहरूमा विद्यार्थीलाई सहभागी गराएर सिकाउने वा व्यावहारिक प्रयोगहरू गर्ने अभ्यास निकै कम छ। विशेष गरी विज्ञान र प्रविधि जस्ता जीवनोपयोगी विषयहरू पनि प्रयोगशालामा प्रयोग गरेर हेर्नुको सट्टा किताबका पाना र सैद्धान्तिक पानाहरूमा मात्र सीमित गरिएका छन्। यसैको नतिजास्वरूप, विद्यालय र विश्वविद्यालयबाट डिग्री त हासिल हुन्छ, तर व्यवहारमा काम लाग्ने सीप नहुँदा उत्पादित जनशक्ति आधुनिक बजारको आवश्यकतासँग मेल खाँदैन र शिक्षा केवल नाम मात्रको प्रमाणपत्रमा खुम्चिन पुगेको छ।

### ग) शिक्षक व्यवस्थापन

विद्यालय शिक्षा सुधार्न शिक्षक सबैभन्दा मुख्य कडी भए पनि उपयुक्त रुपमा शिक्षक व्यवस्थापन हुन सकेको छैन्। माध्यमिक तह १-१० सञ्चालित विद्यालय ९ ओटा रहेका छन भने माध्यमिक तहमा

स्वीकृत स्थायी शिक्षक दरबन्दी आठ ओटा मात्र रहेका छन्। एकातर्फ आवश्यक शिक्षक दरबन्दीको अभाव हुनु र अर्कोतर्फ विज्ञान, गणित तथा अंग्रेजी जस्ता अनिवार्य विषयहरूमा दक्ष शिक्षक उपलब्ध नहुनुले विद्यार्थीहरूको शैक्षिक धरातल कमजोर बनाइरहेको छ। आजको डिजिटल युग सुहाउँदो प्रविधि-मैत्री तालिम र सबै किसिमका बालबालिकालाई समेट्ने शिक्षण शैली सिकाउने प्रभावकारी कार्यक्रमहरू शिक्षकका लागि पर्याप्त रुपमा उपलब्ध छैनन्।

## घ) भौतिक पूर्वाधार

धेरैजसो विद्यालयहरूमा स्वच्छ खानेपानी, छात्र-छात्रा र अपाङ्गता भएका बालबालिकामैत्री शौचालय, सुरक्षित र व्यवस्थित कक्षाकोठा जस्ता आधारभूत कुराहरूकै अझै अभाव छ। कतिपय भवनहरू पुराना भएकोले विद्यार्थीको सुरक्षामा जोखिम देखिन्छ। त्यसमाथि, आजको आधुनिक युगमा डिजिटल शिक्षणका लागि आवश्यक पर्ने कम्प्युटर, विज्ञान प्रयोगशाला, स्मार्ट बोर्ड र तीव्र गतिको इन्टरनेट जस्ता सुविधाहरू आवश्यक मात्रामा विद्यालयहरुमा पुग्न सकेका छैनन्। यसले गर्दा सहरका महँगा निजी स्कुलमा पढ्ने र गाउँका सरकारी स्कुलमा पढ्ने विद्यार्थीहरूबीच प्रविधिको प्रयोग र सिकाइको स्तरमा दूरी सिर्जना गरिदिएको छ।

## ङ) पाठ्यक्रम र मूल्याङ्कन प्रणाली

हाम्रो आफ्नै माटो र परिवेश सुहाउँदो 'स्थानीय पाठ्यक्रम त तयार भयो, तर सोही अनुसारका पाठ्यपुस्तकहरू समयमै निर्माण हुन नसक्दा पाठ्यक्रमलाई कक्षाकोठामा व्यावहारिक रूपमा लागू गर्ने क्रममा केही कठीनाइहरु देखिएका छन्। विद्यार्थीको दैनिक सिकाइ र विकासलाई नजिकबाट नियाल्ने निरन्तर मूल्याङ्कन प्रणालीको व्यावहारिक कार्यान्वयन एकदमै फितलो छ, जसले गर्दा केवल त्रैमासिक वा वार्षिक परीक्षाका अंक र ग्रेडकै भरमा विद्यार्थीको क्षमता नाप्ने परम्परागत अभ्यास हाबी भएको छ। यस परीक्षा केन्द्रित मानसिकताले बालबालिकाको स्वतन्त्र सिर्जनात्मकता र आलोचनात्मक सोचलाई थिचिदिएको छ।

## च) समता र समावेशीकरण

अपाङ्गता भएका, दलित तथा विपन्न परिवारका बालबालिकाहरू विद्यालयसम्म आइपुगे पनि उनीहरूको पूर्ण र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न आवश्यक भौतिक तथा नीतिगत संरचनाहरू अझै सुदृढ हुन सकेका छैनन्, जसले गर्दा उनीहरूले विद्यालयभित्रै पनि अलगाव महसुस गर्नुपर्ने अवस्था छ। समाजमा

जरो गाडेर रहेको लैङ्गिक साक्षरताको खाडल, जातिय विभेद र आर्थिक असमानताका कारण विपन्न परिवारका बालबालिकाहरू शिक्षाको समान अवसरबाट बञ्चित भइरहेका छन्। यसले गर्दा सीमान्तकृत बालबालिकाहरूले शिक्षालाई आफ्नो अधिकार र आत्मसम्मान बढाउने माध्यमका रूपमा भन्दा पनि एक किसिमको चुनौतीपूर्ण संघर्षका रूपमा भोग्न बाध्य छन्।

## छ) विद्यालय सुशासन र व्यवस्थापन

विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकहरूबीच आपसी अविश्वास र समन्वयको अभाव हुँदा विद्यालयका राम्रा योजनाहरू पनि कागजमै सीमित हुने गरेका छन् भने पारदर्शी बजेट, सामूहिक निर्णय प्रक्रिया र जिम्मेवारी लिने संस्कृतिको जग अझै बस्न सकेको छैन। विद्यालयको शैक्षिक सुधार योजनालाई डोर्‍याउने बलियो अनुगमन संयन्त्र र वैज्ञानिक मूल्याङ्कन प्रणाली नहुँदा विद्यालय प्रशासन र शिक्षण क्रियाकलापहरू चुस्त बन्न सकेका छैनन्, जसको प्रत्यक्ष असर शैक्षिक सत्र र क्यालेन्डर नमिल्दा बालबालिकाको दैनिक सिकाइ प्रक्रियामा परेको छ। अझ, माध्यमिक र प्राविधिक शिक्षालाई समयसापेक्ष, सुविधासम्पन्न र गुणस्तरीय बनाउन आवश्यक पर्ने ठूलो लगानी र बजेट जुटाउनु पञ्चेश्वर गाउँपालिकाका लागि एउटा ठूलो चुनौती बनेको छ। समग्रमा हेर्दा, पञ्चेश्वर गाउँपालिकामा शिक्षाको पहुँच बढाउने र नीति नियम बनाउने प्रतिबद्धता सकारात्मक भए पनि वास्तविक गुणस्तर, समावेशीकरण, शिक्षक व्यवस्थापन, पूर्वाधार र सुशासनका क्षेत्रमा भुइँसतहमा धेरै काम गर्न बाँकी छ। आगामी दिनमा स्रोतको सही सदुपयोग, इमानदार योजना र समुदायप्रतिको उत्तरदायित्वलाई बलियो बनाउन सकेमा मात्र यी विद्यमान चुनौतीहरूलाई हाम्रा बालबालिकाको सुनौलो भविष्य बदल्ने अवसरमा रूपान्तरण गर्न सकिनेछ।

## १.४ अवसरहरू

संविधान र कानुनी व्यवस्थाअनुसार शिक्षा स्थानीय तहको अधिकारभित्र परेपछि स्थानीय सरकारले आफ्नै योजनाअनुसार गुणस्तरीय शिक्षा प्रवर्धन गर्न सक्ने अवसर प्राप्त भएको छ। स्थानीय तहले तीनै तहका सरकार र विभिन्न सहयोगी संस्थाहरूसँग हातेमालो गर्दै शिक्षामा लगानी र स्रोत जुटाउन सहज भएको छ भने गाउँ-गाउँमा विस्तार हुँदै गएको सूचना प्रविधिको पहुँचले डिजिटल सिकाइ र आधुनिक सामग्रीमार्फत शिक्षक-विद्यार्थीको सम्बन्धलाई थप नजिक ल्याएको छ। विद्यालयहरूलाई हरित विद्यालयका रूपमा विकास गर्दै वातावरण संरक्षण, जलवायु परिवर्तन र जीवनोपयोगी व्यावहारिक सीपलाई स्थानीय पाठ्यक्रममा समेट्ने बलियो सम्भावना बढेको छ। यसले गर्दा हाम्रा बालबालिकाहरूले

केवल घोकन्ते विद्या मात्र नभई आफ्नै माटोको रैथाने ज्ञान, सीप र संस्कृतिलाई आत्मसात् गर्दै सिक्ने सुनौलो अवसर पाउनेछन्। अप्ठ्यारोमा परेका बालबालिकाका लागि वैकल्पिक सिकाइका माध्यमहरू अपनाएर 'कोही पनि सिक्नबाट नछुटोस्' भन्ने सुनिश्चितता गर्न सकिने भएकाले शिक्षाको पहुँच, समावेशीकरण र गुणस्तरलाई एकसाथ माथि उठाउन सकिन्छ। समग्रमा, यो कानुनी अधिकार, प्रविधिको साथ र आफ्नै सांस्कृतिक पहिचानको त्रिवेणीले पञ्चेश्वरको शिक्षा प्रणालीलाई दिगो, समावेशी र प्रत्येक बालबालिकाको जीवन बदल्ने वास्तविक माध्यम बनाउन महत्वपूर्ण अवसर प्रदान गरेको छ।

## १.५ चुनौतीहरू

पञ्चेश्वर गाउँपालिकामा भौगोलिक विकटता, तीव्र बसाइँसराइ र घट्दो जन्मदर जस्ता जनसाङ्ख्यिकीय परिवर्तनका कारण विद्यालयहरूको व्यावहारिक नक्साङ्कन र शिक्षक दरबन्दीको न्यायोचित वितरण मिलाउन चुनौती बनेको छ, जसले गर्दा दुर्गमका बालबालिका र शिक्षक दुवैले सास्ती खेप्नुपरेको छ। लैङ्गिक, जातिय विभेद, शारीरिक अपाङ्गता र आर्थिक अभाव जस्ता सामाजिक विविधताका कारण सबै बालबालिकालाई कक्षाकोठामा समान र सम्मानजनक स्थान दिन अझै संघर्ष गर्नुपर्ने देखिन्छ। गाउँपालिकाभित्र थप आर्थिक स्रोत नजुट्दा निःशुल्क र अनिवार्य शिक्षाको कानुनी अधिकारलाई भुइँसतहमा पूर्ण रूपमा लागू गर्न सकिएको छैन भने दक्ष जनशक्तिको अभावले नयाँ पाठ्यक्रम, पाठ्यपुस्तक, आधुनिक मूल्याङ्कन र सूचना प्रविधिको सही प्रयोगमा बाधा पुऱ्याएको छ। यसका साथै, बाढी, पहिरो जस्ता प्राकृतिक विपत्का बेला बालबालिकाको सिकाइ नरोकिने गरी वैकल्पिक माध्यमको तयारी गर्नु, सबैका लागि आजीवन सिकाइको अवसर मिलाउनु र जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै विद्यालयहरूलाई सुरक्षित एवं 'हरित विद्यालय' का रूपमा विकासका लागि बजेट संकलन गर्नु अर्को चुनौतीपूर्ण पाटो हो। यी पहाड जस्ता चुनौतीहरूलाई चिर्दै स्रोत र व्यवस्थापनलाई चुस्त बनाउन सकेमा मात्र पञ्चेश्वरमा प्रत्येक बालबालिकाले सुरक्षित, समावेशी र दिगो रूपमा गुणस्तरीय शिक्षा पाउने वातावरण सुनिश्चित हुनेछ।

# परिच्छेद २
# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ दूरदृष्टि

"संस्कारयुक्त,वैज्ञानिक, प्रविधिमैत्री र गुणस्तरीय शिक्षा; सुसंस्कृत, समतामूलक र समृद्ध पञ्चेश्वर।"

## २.२ लक्ष्य (Goal)

"परम्परागत घोकन्ते र सैद्धान्तिक शिक्षा प्रणालीलाई विस्थापित गरी तार्किक, अनुसन्धानमुखी र वैज्ञानिक सोचयुक्त, नैतिक आचरण भएको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार सुहाउँदो दक्ष जनशक्ति उत्पादन गर्ने।"

## २.३ उद्देश्य

१) समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२) संस्कारयुक्त र नैतिक शिक्षा प्रदान गर्नु,
३) प्रविधिमैत्री शिक्षण र शिक्षक क्षमता विकास गर्नु,
४) आपत्कालिन अवस्थामा वैकल्पिक सिकाइका अवसरहरू सुनिश्चित गर्नु,
५) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नु,

## २.४ रणनीतिहरु

### उद्देश्य १) समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

रणनीतिहरुः

क) पञ्चेश्वरका सबै बालबालिकालाई बिनाभेदभाव शिक्षाको समान अवसर प्रदान गर्दै आधारभूत शिक्षालाई अनिवार्य, निःशुल्क र पहुँचयोग्य बनाउने।

ख) विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाको वास्तविक लगत लिन विस्तृत घरधुरी सर्वेक्षण गर्ने र शैक्षिक सत्रको प्रारम्भमा प्रभावकारी 'घरदैलो भर्ना अभियान' चलाउने।

ग) गरिब, विपन्न, दलित, सीमान्तकृत र जोखिममा रहेका विद्यार्थीहरूलाई विद्यालयमा आकर्षित गर्न र निरन्तरता दिन पोषिलो दिवा खाजा, छात्रवृत्ति र पोशाक वितरण कार्यक्रमलाई प्रभावकारी बनाउने।

घ) बालबालिकाको सिकाइ र नियमितताप्रति अभिभावकलाई जिम्मेवार बनाउन 'अभिभावक शिक्षा तथा अभिमुखीकरण कार्यक्रम' लाई अभियानकै रूपमा सञ्चालन गर्ने।

ङ) औपचारिक शिक्षाबाट वञ्चितहरूका लागि वैकल्पिक शिक्षाका माध्यमबाट शिक्षाको अवसरप्रदान गर्ने।

च) अपाङ्गता भएका बालबालिकाहरूको पहिचान गरी विद्यालयहरूलाई अपाङ्गतामैत्री (Ramp, शौचालय आदि) बनाउने र समावेशी शिक्षा नीति अवलम्बन गर्ने।

छ) किशोरीहरूको विद्यालयमा नियमित उपस्थिति सुनिश्चित गर्न गुणस्तरीय स्यानिटरी प्याडको उपलब्धता र छात्रामैत्री सुरक्षित शौचालयको व्यवस्था गर्ने।

ज) भौगोलिक रूपमा विकट क्षेत्रमा रहेका विद्यार्थीहरूका लागि विद्यालय आउन-जान यातायात सुविधा वा आवासीय छात्रवासको सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गर्ने।

### उद्देश्य २) संस्कारयुक्त र नैतिक शिक्षा प्रदान गर्नु,

रणनीतिहरुः

क) पञ्चेश्वरको मौलिक संस्कृति, मानवीय मूल्य-मान्यता, सामाजिक सद्भाव र नागरिक कर्तव्यलाई स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीमा प्राथमिकताका साथ समावेश गर्ने।

ख) योग, ध्यान, बाल क्लब, स्काउट, रेडक्रस, खेलकुद र सांस्कृतिक कार्यक्रम जस्ता अतिरिक्त क्रियाकलापमार्फत विद्यार्थीमा व्यावहारिक अनुशासन र नैतिक आचरणको विकास गर्ने।

ग) विद्यार्थीहरूमा ज्येष्ठ नागरिकको आदर, श्रमको सम्मान र सामाजिक सेवाको भावना जगाउन विद्यालयहरूमा स्थानीय प्रेरक व्यक्तित्व र विज्ञहरूद्वारा नियमित रूपमा 'संस्कार र सदाचार' सम्बन्धी अन्तर्क्रिया सञ्चालन गर्ने।

घ) आधुनिक प्रविधिको बढ्दो प्रयोगसँगै विद्यार्थीहरूलाई प्रविधिको सही सदुपयोग गर्न सिकाउन र सामाजिक सञ्जालको नकारात्मक प्रभावबाट जोगाउन 'डिजिटल साक्षरता तथा साइबर आचारसंहिता' सम्बन्धी सचेतना कार्यक्रम चलाउने।

ङ) घर र समुदायमा बालमैत्री तथा संस्कारयुक्त वातावरण निर्माण गर्न अभिभावकहरूका लागि सकारात्मक अभिभावकत्व (Positive Parenting) र पारिवारिक मूल्य' सम्बन्धी नियमित प्रशिक्षण सञ्चालन गर्ने।

च) बालबालिकालाई कुलत, लागूऔषध दुर्व्यसनी र नकारात्मक सामाजिक प्रभावहरूबाट जोगाउन विद्यालयहरूमा नियमित रूपमा 'सचेतना, मनोपरामर्श (Counseling) तथा सियर लर्निङ' कार्यक्रमहरू सञ्चालन गर्ने।

### उद्देश्य ३) प्रविधिमैत्री शिक्षण र शिक्षक क्षमता विकास गर्नु,

रणनीतिहरू:

क) गाउँपालिकाका सबै विद्यालयमा उच्च गतिको इन्टरनेट जडान गर्ने, कम्प्युटर ल्याब, प्रोजेक्टर र स्मार्ट बोर्डको व्यवस्था गरी कक्षाकोठालाई प्रविधिमैत्री बनाउने।

ख) शिक्षकहरूलाई आधुनिक शिक्षण विधि, बाल-मनोविज्ञान, अनलाइन शैक्षिक सामग्री निर्माण र सूचना प्रविधिको प्रयोगसम्बन्धी नियमित पुनर्ताजगी तथा क्षमता विकास तालिम प्रदान गर्ने।

ग) परम्परागत शिक्षण विधिलाई रूपान्तरण गर्न अडियो-भिडियो सामग्री, डिजिटल पुस्तकालय र शैक्षिक सफ्टवेयरको प्रयोगलाई शिक्षण सिकाइको अभिन्न अङ्ग बनाउने।

घ) विद्यालयको प्राज्ञिक सुधारका लागि डिजिटल माध्यमबाट नियमित अनुगमन गर्ने र शिक्षकहरूबीच उत्कृष्ट शिक्षण अभ्यास आदानप्रदान गर्न गाउँपालिका स्तरीय कार्यशालाहरू आयोजना गर्ने।

ङ) विज्ञान, गणित र अंग्रेजी जस्ता कठिन मानिने विषयहरूलाई बुझाउन पाठ्यक्रममा आधारित शैक्षिक भिडियो र एनिमेसन प्रयोग गर्ने।

च) सबै विषयका शिक्षकहरूलाई कम्प्युटर चलाउन, इन्टरनेटमा शैक्षिक सामग्री खोज्न र स्मार्ट बोर्ड प्रयोग गरी पढाउनका लागि अनिवार्य आईसीटी प्रबोधीकरण तालिम प्रदान गर्ने।

छ) कम्प्युटर, इन्टरनेट र डिजिटल उपकरणहरू मर्मत गर्न प्रत्येक विद्यालयमा सूचना प्रविधि मर्मत अनुदान उपलब्ध गराउने।

ज) विद्यालयका प्राविधिक समस्याहरू तत्काल समाधान गर्न गाउँपालिका स्तरमा वा क्लस्टर स्तरमा एक जना आइटी प्राविधिकको व्यवस्था गर्ने।

### उद्देश्य ४) आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका अवसरहरू सुनिश्चित गर्नु,

रणनीतिहरू:

क) महामारी, बाढी, पहिरो वा अन्य प्राकृतिक विपद्को समयमा पनि सिकाइलाई निरन्तरता दिन गाउँपालिका स्तरीय आकस्मिक शैक्षिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने।

ख) विद्यालय बन्द रहेको अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन कक्षा, र मोबाइल एपका साथै इन्टरनेट नभएका ठाउँमा अफलाइन डिजिटल सामग्री र सेल्फ-लर्निङ प्याकेजमार्फत घरमै सिकाउने व्यवस्था मिलाउने।

ग) लामो समय विद्यालय खुला गर्न नसकिने अवस्थामा स्वास्थ्य र सुरक्षाका मापदण्ड अपनाई सुरक्षित सामुदायिक भवन वा टोल-टोलमा घुम्ती शिक्षक र स्थानीय स्वयंसेवक परिचालन गरी साना समूहमा सिकाइ सञ्चालन गर्ने।

घ) आपत्कालिन अवस्थामा विद्यार्थी र अभिभावकहरूमा पर्न सक्ने मानसिक तनाव व्यवस्थापन गर्न शिक्षकहरूलाई मनोसामाजिक परामर्श र संकटकालीन शिक्षण विधिको विशेष तालिम दिने।

उद्देश्य ५) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नु,

रणनीतिहरूः

क) शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षा परिणामसँग आबद्ध गर्ने।

ख) शैक्षिक पेसामा संलग्न जनशक्तिमा जवाफदेहिता सुनिश्चित गर्न परिणाममा आधारित जवाफदेहिता प्रणालीको विकास गर्ने।

ग) वि.व्य.स.को भूमिका र जिम्मेवारीलाई समयसापेक्ष परिमार्जन गरी विद्यालयलाई स्वचालित र सफल संस्थाका रूपमा विकास गर्ने।

घ) विद्यालयप्रति समुदायको अपनत्व बढाउन विद्यालय समुदाय सहकार्य कार्यक्रम सञ्चालन गर्ने।

ङ) गाउँपालिकाभरि रहेका शिक्षक दरबन्दीको अध्ययन गरी दरबन्दी मिलान र पुनर्वितरण गर्ने।

च) प्रधानाध्यापक, व्यवस्थापन समिति, शिक्षक र कर्मचारीहरूका लागि नियमित तालिम र नेतृत्व विकास कार्यक्रमहरू सञ्चालन गर्ने ।

## २.५ कार्यनीतिहरु

पञ्चेश्वर गाउँपालिकाको शैक्षिक योजनालाई अझ बढी स्पष्ट, व्यावहारिक र नतिजामुखी बनाउन कार्यनीतिलाई निम्नानुसार प्रस्तुत गरिएको छः

१. विद्यालय उमेरका बालबालिकालाई श्रम वा अन्य बहानामा घरमै राख्न नपाउने गरी सचेतना कार्यक्रम चलाई अनिवार्य भर्नाको वातावरण बनाइनेछ।

२. विद्यालयहरूमा भर्ना, पाठ्यपुस्तक वा परीक्षाका नाममा कुनै पनि शुल्क लिन नपाउने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ।

३. शैक्षिक सत्र सुरु हुनुअघि नै स्थानीय युवा र शिक्षकहरू परिचालन गरी विद्यालय बाहिर रहेका बालबालिकाको लगत संकलन गराई विद्यालय बाहिर रहेका बालबालिकालाई अनिवार्य रुपमा विद्यालय भर्ना गराइनेछ।

४. लक्षित वर्गका बालबालिकाहरू पहिचान गरी छात्रवृत्ति र पोशाक उपलब्ध गराइनेछ।

५. विद्यालयमा पोषणयुक्त र तातो खाजाको व्यवस्था गरेर बालबालिकालाई दैनिक विद्यालय आउन उत्प्रेरित गरिनेछ।

६. 'मेरो बच्चा, मेरो जिम्मेवारी' को भावना जगाउन अभिभावकहरूका लागि सचेतना कक्षा चलाइनेछ।

७. बालबालिका विद्यालय अनुपस्थित हुँदा वा पढाइमा ध्यान नदिँदा शिक्षक र अभिभावक तुरुन्तै भेटेर छलफल गर्ने परिपाटी बसाइनेछ।

८. विभिन्न कारणले औपचारिक विद्यालय जान नसकेका किशोर-किशोरी र वयस्कहरूका लागि अनौपचारिक शिक्षा कक्षा सञ्चालन गरिनेछ।

९. आयआर्जन र काममा व्यस्त हुनेहरूका लागि सीपमूलक साक्षरताका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०. गाउँपालिकाभित्रका अपाङ्गता भएका बालबालिकाको स्वास्थ्य परीक्षण गराई उनीहरूको अवस्था अनुसारको सहयोगी सामग्री (ह्वीलचेयर, वैशाखी,) वितरण गरिनेछ।

११. सबै विद्यालयका भवन, कक्षाकोठा र शौचालयहरूमा अनिवार्य रूपमा र्‍याम्प (Ramp) र अपाङ्गतामैत्री पूर्वाधार निर्माण गरिनेछ।

१२. महिनावारीको समयमा छात्राहरूले सजिलै पाउन सक्ने गरी विद्यालयहरूमा स्यानिटरी प्याड भेन्डिङ मेसिन र बिसर्जन गर्ने इन्सिनेरेटर मेसिन जडान गरिनेछ।

१३. छात्राहरूका लागि अलग्गै, सफा, र पर्याप्त पानी सुविधा भएको सुरक्षित शौचालय व्यवस्था गरिनेछ।

१४. विकट र दुर्गम गाउँबाट विद्यालय आउने विद्यार्थीहरूका लागि गाउँपालिकाको समन्वयमा स्कुल बस वा यातायात भत्ताको व्यवस्था मिलाइनेछ।

१५. भौगोलिक विकटताका कारण दैनिक विद्यालय आउन-जान नसक्ने गाउँपालिका भरिका विद्यार्थीहरूका लागि हाल सञ्चालनमा रहेकामध्ये उपयुक्त विद्यालयहरूलाई पूर्वाधार थप गरी छात्रावास सहितको आवासीय विद्यालयमा रूपान्तरण गरिनेछ।

१६. पञ्चेश्वरको लोककथा, इतिहास, भाषा र मौलिक संस्कृति समेटिने गरी स्थानीय विज्ञहरूको सहयोगमा स्थानीय पाठ्यक्रम परिमार्जन गरी लागू गरिनेछ।

१७. कक्षाकोठामा बुँदागत रूपमा मात्र नभई कथा, नाटक र गीतका माध्यमबाट बालबालिकालाई स्थानीय पहिचान र नैतिक मूल्य सिकाइनेछ।

१८. विद्यार्थीमा मानसिक शान्ति र अनुशासन कायम गर्न प्रत्येक दिन विद्यालय सुरु हुनुअघि १५ मिनेट अनिवार्य योग वा ध्यान गराइनेछ।

१९. विद्यालयहरूमा बाल क्लब, स्काउट र रेडक्रस उपशाखा गठन गरी विद्यार्थीहरूलाई नेतृत्व विकास र सामाजिक सेवामा क्रियाशील बनाइनेछ।

२०. गाउँका ज्येष्ठ नागरिक, देशभक्त, वा सफल व्यक्तित्वहरूलाई विद्यालयमा आमन्त्रण गरी उनीहरूको अनुभव र संघर्षको कथा सुनाइनेछ।

२१. श्रमको सम्मान बुझाउन विद्यार्थीहरूलाई गाउँकै कृषक, सिकर्मी, वा डकर्मीका कामहरू प्रत्यक्ष अवलोकन गराई आदरभाव जगाइनेछ।

२२. मोबाइल र इन्टरनेटको सही प्रयोग, सामाजिक सञ्जालमा हुनसक्ने विकृति र साइबर अपराधका साथै कुलतबाट कसरी जोगिने भन्नेबारे विद्यालय मार्फत विद्यार्थीका लागि सुरक्षित डिजिटल प्रयोग सम्बन्धी कार्यशालाहरु चलाइनेछ।

२३. घरको वातावरण बालमैत्री बनाउन अभिभावकहरूका लागि सकारात्मक लालनपालन सम्बन्धी प्रशिक्षण सञ्चालन गरिनेछ।

२४. विद्यालयमा बालबालिकाका गुम्सेका भावना र समस्या सुन्नका लागि माध्यमिक विद्यालयहरुमा एक जना शिक्षकलाई परामर्शदाता तोकी नियमित मनोपरामर्श सेवा दिइनेछ।

२५. गाउँपालिकाका प्रत्येक विद्यालयमा भरपर्दो र तीव्र गतिको ब्रोडब्यान्ड इन्टरनेट जडान गर्न इन्टरनेट सेवा प्रदायकसँग साझेदारी गरिनेछ।

२६. परम्परागत चक र डस्टरको साटो क्रमशः कक्षाकोठाहरूमा स्मार्ट बोर्ड, प्रोजेक्टर र विद्यार्थीका लागि कम्प्युटर ल्याब स्थापना गरिनेछ।

२७. शिक्षकहरूलाई आधुनिक प्रविधि र सफ्टवेयर प्रयोग गरेर पाठ योजना बनाउन र पढाउन वर्षमा कम्तीमा एक पटक प्रबोधीकरण तालिम दिइनेछ।

२८. बाल-मनोविज्ञान बुझेर दण्डरहित र रमाइलो वातावरणमा पढाउने आधुनिक शिक्षण शैलीका लागि पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ।

२९. विद्यार्थीले हेरेर र सुनेर सजिलै बुझ्न सक्ने गरी पाठ्यक्रममा आधारित अडियो-भिडियो शैक्षिक सामग्रीहरूको तयारी, संकलन तथा वितरण गरिनेछ।

३०. विद्यालयहरूमा ई-पुस्तकालय (Digital Library) स्थापना गरी विद्यार्थीहरूलाई उपयोगी पुस्तक र सामग्री पढ्ने अवसर दिइनेछ।

३१. गाउँपालिकाले डिजिटल माध्यमबाट विद्यालयको दैनिक पठनपाठन र शिक्षकको उपस्थितिको अनलाइन अनुगमन गर्नेछ।

३२. शिक्षकहरूले आ-आफ्नो विद्यालयमा गरेका राम्रा र उत्कृष्ट सिकाउने तरिकाहरू आपसमा साटासाट गर्न शिक्षक अनुभव आदानप्रदान कार्यशालाहरु आयोजना गरिनेछ।

३३. गाह्रा मानिने विषय (विज्ञान, गणित, अंग्रेजी) का कठिन सुत्र र सिद्धान्तहरू बुझाउन नमुना एनिमेसन र भिडियो प्याकेज तयार गरी कक्षामा प्रदर्शन गरिनेछ।

३४. सबै विषयका शिक्षकहरूका लागि कम्प्युटर खोल्ने, टाइप गर्ने र इन्टरनेटमा शैक्षिक सामग्री खोज्ने न्यूनतम क्षमताको परीक्षण गरी अनिवार्य तालिम दिइनेछ।

३५. प्रविधि चलाउन उत्कृष्ट प्रतिफल देखाउने शिक्षकहरूलाई प्रोत्साहन स्वरूप पुरस्कार वा प्रशंसापत्र प्रदान गरिनेछ।

३६. विद्यालयका कम्प्युटर, प्रिन्टर वा इन्टरनेट उपकरण बिग्रेमा तुरुन्तै बनाउनका लागि गाउँपालिकाबाट मर्मतको व्यवस्था गरिनेछ।

३७. विद्यालयहरूले आफ्नो प्रविधिको अवस्था र मर्मतको अभिलेख चुस्तदुरुस्त राख्ने प्रणाली बसाल्नेछन्।

३८. विद्यालयहरूमा आउने ठूला प्राविधिक समस्याहरू तत्काल समाधान गर्न गाउँपालिका स्तरमा १ जना आइटी प्राविधिक नियुक्त गरिनेछ।

३९. प्राविधिकले त्रैमासिक रुपमा एक पटक फरक-फरक विद्यालयको प्राविधिक निरीक्षण गरी उपकरणहरू दुरुस्त राख्नेछन्।

४०. बाढी, पहिरो वा महामारी जस्ता विपद्को समयमा पनि पढाइ रोकिन नदिन गाउँपालिका स्तरीय विपद् शिक्षा कार्यदल र पूर्वतयारी योजना बनाइनेछ।

४१. विद्यालय बन्द हुँदा स्थानीय एफएम रेडियो र टेलिभिजनबाट पाठ्यक्रममा आधारित विशेष शैक्षिक कार्यक्रमहरू प्रसारण गरिनेछ।

४२. इन्टरनेट नभएका विकट ठाउँका विद्यार्थीहरूका लागि पेनड्राइभ वा ट्याबलेटमा अफलाइन मोबाइल एप र स्व-अध्ययन सामग्री उपलब्ध गराइनेछ।

४३. लामो समय विद्यालय बन्द भएमा स्वास्थ्य मापदण्ड अपनाएर गाउँका सुरक्षित चौतारा वा सामुदायिक भवनहरूमा साना समूहमा सिकाउने व्यवस्था मिलाइनेछ।

४४. विपद्को समयमा गाउँकै शिक्षित युवा वा घुम्ती शिक्षकहरूलाई टोल-टोलमा परिचालन गरी बालबालिकाको सिकाइलाई निरन्तरता दिइनेछ।

४५. विपद्को बेला बालबालिका र अभिभावकमा हुने डर, त्रास र मानसिक तनाव हटाउन शिक्षकहरूलाई मनोसामाजिक परामर्शका साथै संकटकालीन शिक्षण बिधि सम्बन्धी तालिम दिइनेछ।

४६. शिक्षकको वार्षिक मूल्याङ्कन गर्दा उहाँले पढाएको कक्षाको औसत नतिजा र विद्यार्थीको सिकाइमा आएको सुधारलाई मुख्य आधार मानिनेछ।

४७. राम्रो नतिजा ल्याउने र उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई सम्मान गर्ने प्रणाली लागू गरिनेछ।

४८. प्रत्येक शैक्षिक सत्रको सुरुमा प्रधानाध्यापकसँग गाउँपालिका र शिक्षकहरूसँग प्रधानाध्यापकले स्पष्ट कार्यसम्पादन सम्झौता गर्नेछ।

४९. विद्यालयको आर्थिक, प्रशासनिक र प्राज्ञिक विवरणहरू प्रत्येक त्रैमासिक रूपमा सार्वजनिक सुनुवाइ (Public Audit) मार्फत समुदायमा सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिनेछ।

५०. विव्यसका पदाधिकारीहरूलाई विद्यालयको अनुगमन, व्यवस्थापन र नेतृत्व कसरी गर्ने भन्ने विषयमा क्षमता विकास अभिमुखीकरण दिइनेछ।

५१. विव्यसको बैठकमा विद्यालयको भौतिक सुधार मात्र नभई विद्यार्थीको सिकाइ स्तर र शैक्षिक सुधारबारे अनिवार्य समीक्षा गर्ने नियम बनाइनेछ।

५२. 'हाम्रो विद्यालय, हामी नै सुधाछौं' भन्ने भावना जगाउन अभिभावक र समुदाय मिलेर विद्यालयको सरसफाइ र मर्मतसम्भार गर्ने श्रमदान कार्यक्रमहरु चलाइनेछ।

५३. विद्यालयका महत्त्वपूर्ण निर्णयहरूमा स्थानीय क्लब, आमा समूह र भद्रभलाद्मीहरूको राय र सहभागिता सुनिश्चित गरिनेछ।

५४. गाउँपालिकाभरिका विद्यालयहरूमा विद्यार्थी संख्या र शिक्षक संख्याको वास्तविक अनुपात अध्ययन गरी बढी भएका ठाउँबाट शिक्षक नभएका विद्यालयमा दरबन्दी मिलान/स्थानान्तरण गरिनेछ।

५५. प्रधानाध्यापकहरूलाई विद्यालयको कुशल प्रशासक र शैक्षिक नेता बनाउन 'विद्यालय नेतृत्व तथा संस्थागत व्यवस्थापन' सम्बन्धी विशेष तालिम सञ्चालन गरिनेछ।

५६. विद्यालयका कर्मचारीहरूलाई सरकारी नियम, आर्थिक स्रेस्ता र कार्यालय व्यवस्थापन चुस्त राख्नका लागि वित्तीय सुशासन सम्बन्धी तालिम दिइनेछ।

## २.६ अपेक्षित उपलब्धि

१) समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।
२) संस्कारयुक्त र नैतिक शिक्षा प्रदान भएको हुनेछ।
३) प्रविधिमैत्री शिक्षण र शिक्षक क्षमता विकास भएको हुनेछ।
४) आपत्कालिन अवस्थामा वैकल्पिक सिकाइका अवसरहरू सुनिश्चित भएको हुनेछ।
५) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित भएको हुनेछ।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | सूचक | सूचकको तह | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ | सूचकको स्रोत | तथ्याङ्को स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर (%) | स्थानीय | ५८.३ | ६५ | ८२ | १०० | LESPG | IEMIS |
| | | राष्ट्रिय | १२०.७ | - | - | - | LESPG | CEHRD |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षामा खुद प्रवेश दर (%) | स्थानीय | ५२.८ | ६२ | ८० | १०० | - | CEHRD |
| | | राष्ट्रिय | ८५.५ | - | - | - | - | CEHRD |
| १.३ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | स्थानीय | ४३.५ | ७५ | ९५ | १०० | LESPG | IEMIS |
| | | राष्ट्रिय | ७७.५ | - | - | - | LESPG | CEHRD |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ८८.७ | ९० | ९५ | ९९ | LESPG | CEHRD |
| | | राष्ट्रिय | ८७.७ | - | - | - | LESPG | CEHRD |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | स्थानीय | १३५.३ | १२५ | ११२ | १०० | LESPG | CEHRD |
| | | राष्ट्रिय | १७१.९ | - | - | - | LESPG | CEHRD |
| २.३ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (%) | स्थानीय | ८६.५ | ९० | ९५ | १०० | LESPG | CEHRD |
| | | राष्ट्रिय | ९७.९ | - | - | - | LESPG | CEHRD |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा कुल भर्ना दर (%) | स्थानीय | १२२.२ | ११५ | १०७ | १०० | LESPG | CEHRD |
| | | राष्ट्रिय | १३३.८ | - | - | - | LESPG | CEHRD |
| २.५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (%) | स्थानीय | ७४.३ | ८० | ९० | १०० | LESPG | CEHRD |
| | | राष्ट्रिय | ८६.४ | - | - | - | LESPG | CEHRD |
| २.६ | आधारभूत तह (कक्षा ५) पूरा गर्ने दर (%) | स्थानीय | ७८.१ | ८५ | ९२ | ९९ | LESPG | IEMIS |
| | | राष्ट्रिय | - | - | - | - | - | - |
| २.७ | आधारभूत तहमा (कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका (%) | स्थानीय | ३४ | २८ | २० | ८ | LESPG | IEMIS |
| | | राष्ट्रिय | - | - | - | - | LESPG | - |

| क्र.स. | सूचक | सूचकको तह | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ | सूचकको स्रोत | तथ्याङ्को स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| २.८ | आधारभूत तह (कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | स्थानीय | १.१ | १ | १ | १ | LESPG | CEHRD |
| | | राष्ट्रिय | ०.९९ | - | - | - | LESPG | CEHRD |
| २.९ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | स्थानीय | ८९.४ | ९४ | ९९ | १०० | LESPG | CEHRD |
| | | राष्ट्रिय | ९७.७ | - | - | - | LESPG | CEHRD |
| २.१० | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | स्थानीय | १३५ | १२५ | ११० | १०२ | LESPG | CEHRD |
| | | राष्ट्रिय | १३६.२ | - | - | - | LESPG | CEHRD |
| २.११ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (%) | स्थानीय | ६४.४ | ७२ | ८५ | १०० | LESPG | CEHRD |
| | | राष्ट्रिय | ७९.८ | - | - | - | LESPG | CEHRD |
| २.१२ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर (%) | स्थानीय | ४३.५ | ५० | ६२ | ८० | LESPG | IEMIS |
| | | राष्ट्रिय | ७७.१ | - | - | - | LESPG | CEHRD |
| २.१३ | आधारभूत तह(कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक | स्थानीय | १.०१ | १ | १ | १ | LESPG | IEMIS |
| | | राष्ट्रिय | ०.८४ | - | - | - | LESPG | CEHRD |
| २.१४ | विद्यालय वाहिर रहेका बालबालिका (आधारभूत तह उमेर समूहका) (%) | स्थानीय | १२ | ८ | ५ | ० | LESPG | IEMIS |
| | | राष्ट्रिय | २.२ | - | - | - | LESPG | CEHRD |
| २.१५ | आधारभूत तह (कक्षा १-५) अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या (%) | स्थानीय | - | - | - | - | CEHRD | IEMIS |
| | | राष्ट्रिय | ४९.५ | - | - | - | CEHRD | CEHRD |
| २.१६ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या (%) | स्थानीय | १८ | २२ | २७ | ३५ | LESPG | IEMIS |
| | | राष्ट्रिय | ४३.७ | - | - | - | LESPG | CEHRD |
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | स्थानीय | ३०.२ | ५० | ७५ | ९५ | LESPG | CEHRD |
| | | राष्ट्रिय | ५१.३ | - | - | - | LESPG | CEHRD |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर (%) | स्थानीय | ४३.४ | ६० | ८५ | ९९ | LESPG | CEHRD |
| | | राष्ट्रिय | ७५.९ | - | - | - | LESPG | CEHRD |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | स्थानीय | ०.८८ | | | | LESPG | CEHRD |
| | | राष्ट्रिय | - | - | - | - | LESPG | CEHRD |
| ३.४ | | स्थानीय | ८८.२ | - | - | - | LESPG | IEMIS |

| क्र.स. | सूचक | सूचकको तह | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर (%) | राष्ट्रिय | - | - | - | - | LESPG | CEHRD |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | - | - | - | ९९ | LESPG | IEMIS |
| | | राष्ट्रिय | ७५.१ | - | - | - | LESPG | CEHRD |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | - | - | - | ९९ | LESPG | IEMIS |
| | | राष्ट्रिय | - | - | - | - | LESPG | CEHRD |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या (%) | स्थानीय | १८.३ | २० | २३ | ३० | LESPG | IEMIS |
| | | राष्ट्रिय | - | - | - | - | LESPG | CEHRD |
| ३.८ | विज्ञान संकाय (कक्षा ११-१२) विद्यार्थी (%) | स्थानीय | ७ | ११ | १७ | ३० | CEHRD | IEMIS |
| | | राष्ट्रिय | १७ | - | - | - | CEHRD | CEHRD |
| **४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | - | - | - | - | LESPG | |
| | | राष्ट्रिय | ५८ | - | - | - | LESPG | NSO-2078 |
| ४.२ | साक्षरता दर (५ वर्ष भन्दा माथि) (%) | स्थानीय | - | - | - | - | LESPG | |
| | | राष्ट्रिय | ७८ | - | - | - | LESPG | NSO-2078 |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | - | - | - | - | LESPG | |
| | | राष्ट्रिय | ९२ | - | - | - | LESPG | NSO-2078 |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | - | - | - | - | LESPG | - |
| | | राष्ट्रिय | - | - | - | - | LESPG | - |
| **५. सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ५.१ | शिक्षामा बजेट (%) | स्थानीय | ५.५ | ६.५ | ८ | १० | - | - |
| | | राष्ट्रिय | ११.१ | - | - | - | - | - |
| ५.२ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | - | - | - | - | LESPG | - |
| | | राष्ट्रिय | १९ | - | - | - | LESPG | - |
| ५.३ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | - | - | - | - | LESPG | - |
| | | राष्ट्रिय | ३३ | - | - | - | LESPG | - |

| क्र.स. | सूचक | सूचकको तह | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ | सूचकको स्रोत | तथ्याङ्को स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ५.४ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | १:२१ | १:२३ | १:२६ | १:३० | LESPG | - |
| | | राष्ट्रिय | - | - | - | - | LESPG | - |
| ५.५ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | - | - | - | - | LESPG | - |
| | | राष्ट्रिय | १९ | - | - | - | LESPG | - |
| ५.६ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | १:१६ | १:१८ | १:२१ | १:२७ | LESPG | - |
| | | राष्ट्रिय | ५० | - | - | - | LESPG | - |
| ५.७ | विद्यार्थीको औसत उपस्थिति (कक्षा १-१०) वार्षिक दिन | स्थानीय | - | - | - | - | - | - |
| | | राष्ट्रिय | १८६ | - | - | - | - | - |

# परिच्छेद ३
# विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को नवौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सिर्जनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ।

यसै कुरालाई मध्यनजर गरेर यस गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ।

### ३.१.१ वर्तमान अवस्था

पञ्चेश्वर गाउँपालिकामा हाल जम्मा २४ ओटा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा रहेका छन्, यी केन्द्रहरूमा कुल ३९३ जना बालबालिका अध्ययनरत रहेका छन्, जसमध्ये २०० जना छात्र र १९३ जना छात्रा रहेका छन्।

समावेशी पहुँचको दृष्टिले दलित बालबालिकाको संख्या १३५ जना (३४.३ प्रतिशत) र अपाङ्गता भएका बालबालिकाको संख्या ३ जना रहेको छ। यी तथ्याङ्कले समावेशी सहभागिता बढ्दो क्रममा रहेको देखाए पनि जनसंख्या अनुपातअनुसार अझ सुधारको आवश्यकता रहेको देखिन्छ। विशेषगरी अपाङ्गता भएका बालबालिकाका लागि सहायक सामग्री, पहुँचयोग्य भौतिक संरचना तथा प्रशिक्षित जनशक्ति व्यवस्था सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ।

प्रारम्भिक बालविकास र शिक्षाको न्यूनतम सक्षमता अन्तर्गत सुरक्षित कक्षाकोठा, खेलमैत्री सिकाइ सामग्री, प्रशिक्षित सहजकर्ता, बालमैत्री शौचालय र सुरक्षित खानेपानी जस्ता सूचकहरू समावेश गरिएका

छन्। हाल यी मापदण्ड पूर्ण रूपमा कार्यान्वयन भएका केन्द्रहरूको अनुपात सीमित रहेको देखिएकाले गुणस्तर सुधारका लागि थप लगानी र अनुगमन आवश्यक देखिन्छ।

समग्रमा हेर्दा पञ्चेश्वर गाउँपालिकामा प्रारम्भिक बालविकासको पहुँच विस्तार सन्तोषजनक देखिए पनि गुणस्तर, समावेशिता र न्यूनतम सक्षमता सुनिश्चितताामा अझ रणनीतिक हस्तक्षेप आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ।

तालिका १

प्रारम्भिक बालविकास र शिक्षासँग सम्बन्धित विवरण

| जम्मा बालविकास | | जम्मा बालबालिका | | | दलित बालबालिका | | | अपाङ्गता भएका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | २४ | २०० | १९३ | ३९३ | ६९ | ६६ | १३५ | २ | १ | ३ |
| संस्थागत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | २४ | २०० | १९३ | ३९३ | ६९ | ६६ | १३५ | २ | १ | ३ |

*स्रोतः IEMIS*

पञ्चेश्वर गाउँपालिकाले प्रारम्भिक बाल विकास र शिक्षालाई बालबालिकाको नैसर्गिक अधिकारको रूपमा लिएको छ। यसले ५वर्ष मुनिका बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र सर्वाङ्गीण विकास सुनिश्चित गर्ने आधार तयार गर्दछ। गाउँपालिकाले प्रारम्भिक बाल विकासलाई विद्यालय शिक्षासँग पूर्ण रूपमा एकीकृत गरी प्रत्येक विद्यालयमा अनिवार्य गर्ने नीति लागू गरेको छ, जसले बालबालिकाको सिकाइको निरन्तरता र गुणस्तर सुनिश्चित गर्दछ। हाल पञ्चेश्वर गाउँपालिकामा बाल विकास केन्द्रहरूमा भौतिक र शैक्षिक पूर्वाधारको कमी देखिएको छ। धेरै केन्द्रहरूमा बालमैत्री वातावरण, खेल सामग्री, श्रव्य-दृश्य सिकाइ सामग्री र पर्याप्त शिक्षण उपकरणको अभाव रहेको छ। यसर्थ, गाउँपालिकाले यी केन्द्रहरूको स्तरोन्नति गर्ने योजना बनाउन आवश्यक देखिन्छ।

### ३.१.२ उद्देश्यहरु

पञ्चेश्वर गाउँपालिकाभित्रका ४ वर्ष उमेर पूरा भएका सबै बालबालिकाहरूको समतामूलक पहुँच सुनिश्चित गर्दै बालमैत्री वातावरणमा खेलमा आधारित सिकाइको माध्यमबाट उनीहरूको शारीरिक,

मानसिक र सामाजिक विकास गरी आधारभूत शिक्षाको जगलाई मजबुत बनाउनु यस उपक्षेत्रको प्रमुख उद्देश्य रहेको छ।

१) चार वर्ष उमेर पूरा भएका शतप्रतिशत बालबालिकाहरूलाई प्रारम्भिक बालविकास र शिक्षाको दायरामा ल्याई पहुँच सुनिश्चित गर्नु,
२) बालविकास केन्द्रहरूलाई बालमैत्री बसाइ व्यवस्थापन तथा आवश्यक सामग्री सहित आकर्षक सिकाइ केन्द्रका रूपमा रूपान्तरण गर्नु,
३) बालविकास सहजकर्ताहरूको परिश्रमिकवृद्धि, पेसागत क्षमता अभिवृद्धि गरी खेल तथा स्थानीय सामग्रीमा आधारित सिकाइ प्रणालीलाई सुदृढ गर्नु,
४) स्थानीय उत्पादनमा आधारित पौष्टिक दिवा खाजा कार्यक्रमलाई गुणस्तरीय र प्रभावकारी रूपमा निरन्तरता दिनु,
५) अभिभावक शिक्षा कार्यक्रममार्फत घरको सिकाइ वातावरण सुधार गरी सामुदायिक उत्तरदायित्व र सहभागिता बढाउनु,

### ३.१.३ रणनीतिहरू

१) विकट तथा सीमान्तकृत बस्तीहरू पहिचान गरी घरधुरी सर्वेक्षण र टोल स्तरीय लक्षित भर्ना अभियान सञ्चालन गर्ने।
२) विपन्न र अपाङ्गता भएका बालबालिकाहरूका लागि निःशुल्क पोसाक तथा शैक्षिक सामग्रीसहितको प्रोत्साहन प्याकेज उपलब्ध गराउने।
३) पुराना कक्षाकोठाहरूलाई सुरक्षित मर्मत, रङ्गरोगन र कार्पेटिङ गरी क्रमशः नमूना केन्द्रमा रूपान्तरण गर्ने।
४) बालबालिकाको उमेर अनुकुल आधुनिक मन्टेसरी, इन्डोर र आउटडोर खेल सामग्रीहरूको व्यवस्थापन गर्ने।
५) बालविकास सहजकर्ताहरूको पारिश्रमिकवृद्धि गरी उनीहरूको लागि बालमनोविज्ञान, प्रविधि (ICT) र खेलमा आधारित शिक्षण सम्बन्धी सघन क्षमता विकास तालिम सञ्चालन गर्ने।
६) रैथाने सामग्री र कम लागतका वस्तुहरू प्रयोग गरी स्थानीय परिवेश सुहाउँदो शैक्षिक सामग्री निर्माण कार्यशाला चलाउने।
७) स्थानीय कृषि उत्पादन (कोदो, फापर, गेडागुडी आदि) लाई समेटेर साप्ताहिक रूपमा स्वादिष्ट पोषण मेनु लागू गर्ने।
८) खाजाको गुणस्तर कायम राख्न नियमित अनुगमन गर्ने र विद्यालय तहमा भण्डारण तथा भान्साको उचित व्यवस्थापन गर्ने।

९) बालबालिकाको घरको हेरचाह, डिजिटल स्क्रिन नियन्त्रण र बाल विकासका लागि टोल स्तरीय अभिभावक सचेतना कक्षा सञ्चालन गर्ने।

१०) विद्यालय व्यवस्थापन समिति र अभिभावक संघलाई बालविकास केन्द्रको नियमित रेखदेख, मर्मत र सुशासनमा प्रत्यक्ष जवाफदेही बनाउने।

## ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

### (क) अपेक्षित उपलब्धि

१) गाउँपालिकाभित्रका ४ वर्ष उमेर पुगेका कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित हुने छैनन् र उनीहरूको प्रारम्भिक भर्ना पूर्ण रूपमा सुनिश्चित भएको हुनेछ।

२) विद्यालयका कक्षाकोठाहरू परम्परागत नभई बालबालिका रमाउने, खेल्ने र सजिलै सिक्ने आधुनिक एवं आकर्षक केन्द्रको रूपमा बदलिएका हुनेछन्।

३) सहजकर्ताहरूले उचित पारिश्रमिक र तालिम पाएर उत्प्रेरित हुनेछन्, जसले गर्दा उनीहरूले स्थानीय र खेल सामग्रीको प्रयोग गरेर सिकाउने शैलीमा ठूलो सुधार ल्याएका हुनेछन्।

४) स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रमले निरन्तरता पाउँदा बालबालिकाहरू स्वस्थ, फुर्तिला र नियमित विद्यालय आउने वातावरण बनेको हुनेछ।

५) अभिभावकहरू आफैं सचेत भई घरको वातावरण सुधार्नेछन् र बालबालिकाको शिक्षामा विद्यालयसँगै समुदायले पनि आफ्नो दायित्व बुझेर सक्रिय सहभागिता जनाएको हुनेछ।

## ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य(१०वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | विद्यालयमा भर्ना अभियान तथा बालबालिकाको अभिलेखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | १ | ० | १ | ० | ३ | ६ |
| ३ | गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँग सहकार्य गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | अनाथ, असहाय र अपाङ्गता भएका बालवालिकाको पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | बाल विकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्ने | वटा | ० | २ | २ | ३ | ३ | १० | २५ |
| ६ | सुपरिवेक्षणको लागि अधिकार सम्पन्न संयन्त्रको विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८ | बालविकास पाठ्यक्रम प्रबोधिकरण गर्ने | पटक | ० | १ | ० | ० | १ | २ | ३ |
| ९ | वालविकास केन्द्रमा न्यूनतम मापदण्ड पुरा गर्ने | वटा | ० | ४ | ४ | ४ | ४ | १६ | ३२ |
| १० | सहजकर्ताहरुको पेसागत विकास तालिम सञ्चालन गर्ने | पटक | १ | ० | १ | १ | ० | ३ | ६ |
| ११ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | अभिभावक शिक्षा कार्यक्रम सञ्चानल गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| १३ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली कार्यान्वयन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १४ | प्रारम्भिक वालविकास तथा शिक्षाका शिक्षकको सेवा तथा सुविधामा वृद्धी गर्ने | पटक | १ | ० | ० | १ | ० | २ | ४ |
| १५ | नमुना प्रारम्भिक वालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था गर्ने | जना | ० | १ | १ | १ | १ | ४ | ९ |
| १६ | प्रारम्भिक बालविकास सहजकर्ताको थप कोटाको व्यवस्थापन | जना | ८ | ० | ० | ० | ० | ८ | ८ |
| १७ | सहजकर्ताहरुको पारिश्रमिक व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १८ | स्थानीय तहबाट सहजकर्ताहरुको नपुग पारिश्रमिक व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १९ | वालविकास केन्द्रका लागि प्रति विद्यार्थी अनुदान वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ३.२ आधारभूत शिक्षा

नेपालको संविधानले आधारभूत शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा ३१ अनुसार प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क प्राप्त गर्ने अधिकार छ। यसले राज्यलाई सबै बालबालिकाका लागि समान, समावेशी र गुणस्तरीय शिक्षा उपलब्ध गराउने दायित्व प्रदान गरेको छ। राष्ट्रिय शिक्षा नीतिले आधारभूत शिक्षालाई १-८ कक्षासम्म परिभाषित गर्दै समावेशी, जीवनोपयोगी तथा सीपमुखी शिक्षामा जोड दिएको छ। नीति अनुसार सबै बालबालिकाको पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि सुनिश्चित गर्नु राज्यको प्राथमिकता हो। त्यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐनले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुने स्पष्ट व्यवस्था गरेको

छ। यस ऐनले अभिभावकलाई बालबालिकालाई विद्यालय पठाउने जिम्मेवारी तोकेको छ भने राज्यलाई आवश्यक पूर्वाधार,शिक्षक र स्रोत-साधन उपलब्ध गराउने कानुनी दायित्व दिएको छ। यसरी संविधान, नीति र ऐनले आधारभूत शिक्षालाई अधिकारका रूपमा स्थापित गर्दै कार्यान्वयनका लागि स्पष्ट मार्गनिर्देशन गरेका छन्।

### ३.२.१ वर्तमान अवस्था

पञ्चेश्वर गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा आधारभूत शिक्षा प्रवाहको विश्लेषण गर्दा, हाल विद्यार्थी संख्या २९६५,स्वीकृत शिक्षक दरबन्दी ८७, राहत अनुदान कोटा ३४, अङ्ग्रेजी, गणित र विज्ञान विषय शिक्षण सहयोग अनुदान ५ र गाउँपालिका अनुदान १२ गरी जम्मा शिक्षक-विद्यार्थी अनुपात १:२१ रहेको देखिन्छ। विद्यार्थीमध्ये दलित ११८५ र अपाङ्गता भएका बालबालिका ३२ जना रहेका छन्। विद्यालयहरूमा भौतिक पूर्वाधार, जस्तै कक्षाकोठा, व्यवस्थित कक्षाकोठा, प्रयोगशाला,व्यवस्थित पुस्तकालय, शौचालय, खानेपानी, खेलमैदान, घेरबार, र सूचना तथा सञ्चार प्रविधि पर्याप्त छैन। यी चुनौतीहरूले गुणस्तरीय शिक्षा र समावेशी वातावरणको सुनिश्चिततामा प्रभाव पार्न सक्छ। तथ्याङ्क अनुसार सुधार, स्रोत व्यवस्थापन र शिक्षक तालिमको आवश्यकता देखिन्छ।

तालिका २

आधारभूत शिक्षासँग सम्बन्धित विवरण

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ३२ | १४९१ | १४७४ | २९६५ | ५८७ | ५९८ | ११८५ | १८ | १४ | ३२ |
| संस्थागत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ३२ | १४९१ | १४७४ | २९६५ | ५८७ | ५९८ | ११८५ | १८ | १४ | ३२ |

स्रोतः IEMIS

पञ्चेश्वर गाउँपालिकाले आधारभूत शिक्षालाई समतामूलक, पहुँचयोग्य र गुणस्तरीय बनाउने नीति अवलम्बन गरेको छ। पञ्चेश्वर गाउँपालिकामा केही बालबालिका अझै विद्यालय बाहिर रहेका छन्।

सामुदायिक विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, खेलमैदान तथा सूचना प्रविधि (इन्टरनेट, कम्प्युटर ल्याब) जस्ता पूर्वाधारको अभाव देखिएको छ। विषयगत शिक्षकको कमी, परम्परागत शिक्षण पद्धति तथा सीमित सिकाइ सामग्रीका कारण शिक्षाको गुणस्तर सुधारमा चुनौती रहेको छ।

### ३.२.२ उद्देश्यहरू

१) पञ्चेश्वरका सबै बालबालिकालाई आधारभूत शिक्षामा शतप्रतिशत पहुँच गराई अनिवार्य र निःशुल्क शिक्षाको सुनिश्चितता गर्नु।
२) आधुनिक प्रविधि र नवप्रवर्तनकारी शिक्षण विधिको प्रयोगद्वारा विद्यार्थीहरूको सिकाइ उपलब्धि र शिक्षाको गुणस्तरमा सुधार गर्नु।
३) पञ्चेश्वरको भूगोल, संस्कृति, भाषा र उद्यमशीलतालाई समेटेर स्थानीय पाठ्यक्रम परिमार्जन तथा परिवर्तन गरी कार्यान्वयन गर्नु।
४) विद्यालयको भौतिक तथा शैक्षिक वातावरणलाई पूर्ण रूपमा बालमैत्री, समावेशी, लैङ्गिकमैत्री र अपाङ्गतामैत्री बनाउनु।
५) भौगोलिक जोखिमबाट सुरक्षित, विपद् व्यवस्थापनयुक्त, र पर्याप्त खानेपानी तथा सरसफाइ सुविधासहितको विद्यालय भवन निर्माण गर्नु।
६) दिवा खाजा, छात्रवृत्ति र अभिभावक सचेतना जस्ता कार्यक्रम मार्फत बीचैमा विद्यालय छाड्ने दरलाई शून्यमा झार्नु।
७) विद्यालयको भौगोलिक नक्साङ्कन गरी विद्यालय मर्जिङ, तहमिलान, शिक्षक दरबन्दी मिलान गर्नु,

### ३.२.३ रणनीतिहरू

१) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गर्न घरधुरी सर्वेक्षण गरी प्रत्येक शैक्षिक सत्रको सुरुमा प्रभावकारी भर्ना अभियान सञ्चालन गर्ने।
२) सबै आधारभूत विद्यालयमा इन्टरनेट, कम्प्युटर ल्याब र सूचना प्रविधिको व्यवस्था गरी डिजिटल शिक्षण सिकाइलाई प्रोत्साहन गर्ने।
३) नवप्रवर्तनकारी शिक्षण विधि, बाल-मनोविज्ञान र प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापनका लागि शिक्षकहरूलाई नियमित पुनर्ताजगी तालिम प्रदान गर्ने।
४) पञ्चेश्वरको भूगोल, संस्कृति र स्थानीय उद्यम (जस्तैः जडीबुटी, कृषि) समेटेर स्थानीय पाठ्यक्रम परिमार्जन गर्न विज्ञ कार्यदल गठन गर्ने।
५) भौगोलिक रूपमा जोखिमयुक्त विद्यालयहरूको पहिचान गरी सुरक्षित स्थानमा सार्ने।

६) प्रत्येक विद्यालयमा आकस्मिक विपद् प्रतिकार्य योजना निर्माण गरी पूर्वतयारी तथा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने।

७) गरिब तथा सीमान्तकृत विद्यार्थीका लागि थप छात्रवृत्ति र शैक्षिक सामग्रीको व्यवस्था गर्ने।

८) बीचैमा विद्यालय छाड्ने दर रोक्न र शैक्षिक उपलब्धि बढाउन वि.व्य.स., शिक्षक अभिभावक संघका पदाधिकारिहरुको क्षमता विकास र अभिभावक शिक्षा तालिम सञ्चालन गर्ने।

९) गाउँपालिकाको शिक्षा शाखा, शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति मिलेर त्रैमासिक रूपमा प्राज्ञिक अनुगमन गर्ने।

१०) कमजोर सिकाइ स्तर भएका विद्यार्थी पहिचान गरी नियमित कक्षाबाहेक थप उपचारात्मक र विशेष सिकाइ कक्षा सञ्चालन गर्ने।

११) परम्परागत शिक्षण सिकाइलाई निरुत्साहित गरी स्थलगत अध्ययन, प्रयोगात्मक कार्य, र परियोजना सिकाइ विधिलाई अनिवार्य गर्ने।

१२) त्रैमासिक परीक्षामा मात्र भर नपरी विद्यार्थीको दैनिक उपस्थिति, कक्षाकार्य, र सिर्जनात्मकतालाई हेरी निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने।

१३) आधारभूत तहका विद्यार्थीका लागि 'महिनाको एक दिन पाठ्यपुस्तक विहीन' **(Book-free Day)** बनाई जीवनोपयोगी र व्यावहारिक सीप सिकाउने।

१४) विद्यार्थीको नेतृत्व विकास र रुचि अनुसारका बाल क्लव, खेलकुद, साहित्य, कला, र हाजिरीजवाफ जस्ता अतिरिक्त क्रियाकलाप नियमित गर्ने।

१५) नेपाली र अङ्ग्रेजी विषयमा विद्यार्थीको सुनाइ, बोलाइ, पढाइ, र लेखाइ क्षमता बढाउन विशेष अभियान चलाउने।

१६) केवल पाठ्यपुस्तकमा मात्र सीमित नभई सन्दर्भ सामग्रीको प्रयोग बढाउने।

१७) प्रत्येक विद्यालयमा बालमैत्री पुस्तकालय वा 'रिडिङ कर्नर' स्थापना गरी विद्यार्थीमा स्वतन्त्र रूपमा पढ्ने बानीको विकास गर्ने।

१८) कक्षाकोठामा जान्ने र कमजोर विद्यार्थीहरू बीचको समूह बनाई एकापसमा सिकाइ आदानप्रदान गर्ने वातावरण मिलाउने।

१९) विद्यालयको भौगोलिक नक्साङ्कन गरी विद्यालय मर्जिङ, तह मिलान, शिक्षक दरबन्दी मिलान गर्ने।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

#### (क) अपेक्षित उपलब्धि

सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य आधारभूत शिक्षा सुनिश्चित भएको हुनेछ। भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री, समावेशी र सुरक्षित बनाउँदै विद्यालयको

समग्र सिकाइ वातावरणमा सुधार भएको हुनेछ।यसका माध्यमबाट खुद भर्नादरमा उच्च वृद्धि हासिल गर्दै शिक्षाको गुणस्तर र सिकाइ उपलब्धि सुदृढ भएको हुनेछ। सबै विद्यालयहरूले न्यूनतम सक्षमताका मापदण्डहरू पूरा गरी आधारभूत तहको सिकाइ उपलब्धि ६० प्रतिशत पुर्याएर विद्यार्थीहरूको समग्र क्षमता अभिवृद्धि र गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ ।

## ३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य(१०वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | ० | ० | १ | २ | ४ |
| २ | भर्ना अभियान कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | आधारभूत तहका बालबालिकाहरूका लागि सिकाइ सामग्री निर्माण तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | आधारभूत विद्यालयमा सूचना प्रविधिको विस्तार | विद्यालय | २ | ३ | ३ | ३ | ३ | १४ | २३ |
| ५ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६ | निःशुल्क पाठ्यपुस्तक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | अपाङ्गता तथा विशेष अवस्थाका बालबालिकाहरुको लागि प्रोत्साहनमूलक कार्यक्रम | जना | ३२ | ३२ | ३० | ३० | ३० | १५४ | ३०० |
| ८ | शैक्षिक व्यवस्थापन सूचना प्रणालीको प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ९ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| १० | विद्यार्थीहरुको लागि विज्ञान तथा प्रविधि प्रदर्शनी कार्यक्रम र अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| ११ | उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीलाई पुरस्कार | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| १२ | आधारभूत तहका शिक्षकहरुको लागि तलब व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १३ | आधारभूत तहमा शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकको तलब व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १४ | विद्यालय कर्मचारीको पारिश्रमिक व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १५ | स्थानीय तहबाट नपुग शिक्षक व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | आधारभूत तहको प्रति विद्यार्थी लागत अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १७ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १८ | दिवा खाजा व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १९ | नवीनतम शिक्षण विधि तथा पद्धति सम्बद्ध कार्यशाला/तालिम गोष्ठी | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २० | स्थानीय पाठ्यक्रम परिमार्जन तथा परिवर्तन | पटक | ० | ० | १ | ० | ० | १ | २ |
| २१ | विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ३.३ माध्यमिक शिक्षा

नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता रचनात्मकता,अध्ययनशीलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सीपयुक्त एवम्  उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ ।

श्रमप्रति सकारात्मक भावना भएका सीपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण,व्यावसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९-१२) मा प्राविधिक तथा व्यावसायिकधारको सुरुवात गरिएको छ। यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सीप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो। नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स. २०७७ वाट प्रारम्भ भएको छ।

विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखिनै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सीपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिवृद्धि गर्ने रणनीति लिएको छ।

### ३.३.१ वर्तमान अवस्था

पञ्चेश्वर गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा माध्यमिक शिक्षाको वर्तमान अवस्था विश्लेषण गर्दा हाल कुल विद्यार्थी सङ्ख्या ८०० रहेको छ भने स्वीकृत र राहत शिक्षक दरबन्दी २५, अङ्ग्रेजी,

गणित र विज्ञान शिक्षण सहयोग अनुदान १४, गाउँपालिका अनुदान शिक्षक १० गरी शिक्षक-विद्यार्थी अनुपात १:१६ रहेको छ। कुल विद्यार्थीमध्ये दलित बालबालिकाको सङ्ख्या १८५ र अपाङ्गता भएका बालबालिकाको सङ्ख्या ३ रहेको छ। केही विद्यालयहरूमा कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान तथा सूचना र सञ्चार प्रविधि जस्ता न्यूनतम भौतिक तथा प्राविधिक पूर्वाधारको कमी रहेको देखिन्छ। यी चुनौतीहरूले गुणस्तरीय शिक्षा र समावेशी सिकाइ वातावरण सुनिश्चिततामा प्रत्यक्ष प्रभाव पारेका छन्। तसर्थ, प्रमाणमा आधारित सुधार, प्रभावकारी स्रोत-साधनको व्यवस्थापन एवं शिक्षक तालिम तथा क्षमता विकासलाई प्राथमिकता दिनुपर्ने देखिन्छ।

तालिका ३

माध्यमिक शिक्षासँग सम्बन्धित विवरण

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ०९ | ३७६ | ४२४ | ८०० | ९५ | ९० | १८५ | ३ | ० | ३ |
| संस्थागत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ०९ | ३७६ | ४२४ | ८०० | ९५ | ९० | १८५ | ३ | ० | ३ |

स्रोतः *IEMIS*

नेपालको संघीय संरचना र शैक्षिक नीतिअनुसार कक्षा ९-१२ लाई माध्यमिक शिक्षा मानिएको छ। पञ्चेश्वर गाउँपालिकाले माध्यमिक शिक्षालाई सक्षम, कर्मठ, नैतिकवान र पौरखी मानव स्रोत उत्पादन गर्ने आधारका रूपमा परिभाषित गरेको छ। गाउँपालिकाको साक्षरता दर उच्च भए पनि माध्यमिक तहमा पहुँच र गुणस्तर सुधारको आवश्यकता रहेको छ। विषयगत शिक्षकको अभाव, विज्ञान तथा कम्प्युटर प्रयोगशालाको कमी र इन्टरनेट सुविधा अपर्याप्त रहेको छ ।

## ३.३.२ उद्देश्यहरु

क) माध्यमिक शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
ख) प्राज्ञिक उत्कृष्टता, शिक्षणको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,
ग) विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सुरक्षित र समावेशी बनाउनु,
घ) जीवनोपयोगी, प्राविधिक तथा व्यावसायिक सीपमूलक शिक्षाको प्रवर्धन गर्नु,
ङ) डिजिटल साक्षरता, नवप्रवर्तन र सुशासनको विकास गर्नु,

### ३.३.३ रणनीतिहरू

क) सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा आवश्यकता अनुसार स्थापना गर्ने।

ख) निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने।

ग) माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने।

घ) विपन्न तथा लक्षित समूहका लागि छात्रवृत्ति र विशेष प्रोत्साहन कार्यक्रमको व्यवस्था गर्ने।

ङ) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने।

च) माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने।

छ) शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने।

ज) शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रम सञ्चालन गर्ने।

झ) शिक्षण-सिकाइ पद्धतिमा सुधार गर्ने।

ञ) हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गरी स्मार्ट बोर्ड, इन्टरनेट तथा श्रव्य-दृश्य सामग्रीको प्रयोग विस्तार गर्ने।

ट) विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा विपद्प्रति उत्थानशील बनाउने।

ठ) विज्ञान विषय अध्ययनका लागि आवश्यक पूर्वाधारसहितको व्यवस्था गर्ने।

ड) थप विद्यालयहरूमा विज्ञान संकाय विस्तारका लागि अध्ययन तथा लगानी गर्ने।

ढ) यौन शिक्षा, आत्मरक्षा तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने।

ण) सदाचार, अनुशासन र समाजसेवा समेटिएको नैतिक शिक्षा कार्यक्रम लागू गर्ने।

त) सफल व्यक्तिहरूसँग अन्तरक्रिया तथा प्रेरणादायी कार्यक्रम सञ्चालन गर्ने।

थ) आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही प्रणाली विकास गर्ने।

द) स्थानीय तहमा सञ्चालित प्राविधिक धारका कार्यक्रमहरू सुदृढीकरण गर्दै प्राविधिक धारतर्फ विद्यार्थी आकर्षित गर्ने।

ध) सबै माध्यमिक विद्यालयमा डिजिटल लाइब्रेरी (**E-Library**), उच्च गतिको इन्टरनेट र स्मार्ट क्लासरुम को विकास गर्ने।

न) विद्यार्थीहरूमा वैज्ञानिक सोच र अनुसन्धानको बानी बसाल्न विद्यालयहरूमा विज्ञान तथा नवप्रवर्तन क्लब स्थापना गर्ने।

ऩ) विद्यालयको प्रशासनिक र आर्थिक पारदर्शिताका लागि पूर्णरूपमा डिजिटल विद्यालय व्यवस्थापन सूचना प्रणाली (EMIS) लागू गर्ने।

प) सामाजिक सञ्जालको सुरक्षित प्रयोगका लागि विद्यार्थी र शिक्षकका लागि साइबर सुरक्षा तथा डिजिटल आचारसंहिता सम्बन्धी सचेतना अभियान चलाउने।

## ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

### (क) अपेक्षित उपलब्धि

माध्यमिक शिक्षामा सबै बालबालिकाका लागि पहुँच सुनिश्चित हुने र शिक्षाको सान्दर्भिकता तथा गुणस्तरमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ। यस अन्तर्गत सबै बालबालिकाले निःशुल्क माध्यमिक शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन् र खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुनेछ। सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गर्नेछन्, जसले गुणस्तरीय शिक्षाको प्रवाह सुनिश्चित गर्नेछ र विद्यार्थीहरूको दक्षता, शारीरिक तथा मानसिक विकासमा योगदान पुर्‍याउनेछ।

## ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयनका लागि आवश्यक कानुनी, कार्यविधिगत तथा निर्देशिका ढाँचा तर्जुमा | पटक | ० | १ | ० | ० | ० | १ | २ |
| २ | स्थानीय विद्यालय सेवा क्षेत्र सीमाङ्कन, नक्साङ्कन, पुनर्वितरण, समायोजन र स्थापना तथा भर्ना सुनिश्चितता कार्यक्रम | पटक | ० | १ | ० | ० | १ | २ | ४ |
| ३ | विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा तथा कम्प्युटर अध्ययन विस्तार | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकतानुसार स्कुलबसको प्रबन्ध गर्ने | ओटा | ० | ० | ० | ० | १ | १ | ४ |
| ५ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न खुला तथा दुर | विद्यालय | ० | ० | ० | १ | ० | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षा लगायतका बैकल्पिक प्रबन्ध गर्ने | | | | | | | | |
| ६ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | अपाङ्गता तथा विशेष अवस्थाका बालबालिकाहरुको लागि प्रोत्साहनमूलक कार्यक्रम | विद्यार्थी | ५ | ७ | १० | १० | १० | ४२ | ८० |
| ८ | निःशुल्क पाठ्यपुस्तक वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | विपन्न लक्षित छात्रवृत्ति वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | आर्थिक रूपमा विपन्न विद्यार्थीहरुलाई प्रोत्साहन सहयोग कार्यक्रम | विद्यार्थी | ० | ४० | ४० | ४० | ४० | १६० | ५०० |
| ११ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १३ | प्रति विद्यार्थी लागत अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १४ | उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थी पुरस्कार | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १५ | नवीनतम शिक्षण विधि तथा पद्धति सम्बद्ध कार्यशाला/तालिम गोष्ठी | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १६ | विषयगत शिक्षक कार्यशाला तथा गोष्ठी | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १७ | शिक्षक तलव भत्ता | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १८ | शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षक तलव भत्ता | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ३.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समूहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो। यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो। औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाको प्रशोधन गर्न जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो। अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्छन। आफ्नो जीवनको इतिहास आफै लेख्छन्। तसर्थ सिकाइ जीवन पद्धतिसंग जोडिएको हुन्छ। अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाइ अवसरका

लागि स्तरबृद्धि शिक्षासंग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ। विभिन्न सिकाइ अवस्थाको आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाइ संस्कृति विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने लक्ष्य निर्धारण गरेको छ।

### ३.४.१ वर्तमान अवस्था

गाउँपालिकामा १५ देखि ६० वर्ष सम्मका विद्यालयको पहुँच बाहिर रहेको व्यक्तिलाई लक्षित गरी विभिन्न वर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरूबाट गाउँपालिकाको १५ देखि ६० वर्ष उमेरका जनसंख्यामा कुल साक्षरता ८३ प्रतिशत भन्दा माथि पुगेको छ। गाउँपालिकामा २ ओटा सिकाइ केन्द्रहरू सञ्चालनमा छन्। विभिन्न कारणले औपचारिक शिक्षाबाट वञ्चित भएका नागरिकहरूका लागि अनौपचारिक शिक्षा र वैकल्पिक सिकाइको अवसर सुनिश्चित गर्ने लक्ष्य राखेको छ। सबै उमेर समूहलाई शिक्षाको मूल प्रवाहमा जोड्दै जीवन पर्यन्त सिकाइलाई प्रोत्साहन गर्ने उद्देश्य लिएको छ। औपचारिक शिक्षाबाट बाहिर रहेका नागरिकहरूलाई समेट्ने संस्थागत संरचना सुदृढ गर्न आवश्यक देखिएको छ। केही सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहे पनि सबै वडामा प्रभावकारी पहुँच विस्तार गर्नुपर्ने अवस्था रहेको छ। प्रौढ साक्षरता, खुला तथा दूर शिक्षामा सहभागिता बढाउन थप सहजीकरण आवश्यक रहेको छ।

### ३.४.२ उद्देश्यहरु

क) अनौपचारिक शिक्षा एवम् आजीवन सिकाइको माध्मबाट जीवनोपयोगी, सीपमूलक र निरन्तर सिकाइका कार्यक्रम विस्तार गर्नु,

ख) सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्नु,

ग) औपचारिक, अनौपचारिक तथा अतिरिक्त माध्यमबाट प्राप्त ज्ञान, सीपको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्नु,

### ३.४.३ रणनीतिहरू

क) घरधुरी सर्वेक्षण गरी साक्षर तथा निरक्षर जनसंख्याको पहिचान र अभिलेखीकरण गर्ने

ख) औपचारिक शिक्षाबाट वञ्चित सबै उमेर समूहलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने

ग) प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना, समायोजन तथा सुदृढीकरण गर्ने

घ) सामुदायिक सिकाइ केन्द्रलाई बहुउद्देश्यीय केन्द्रका रूपमा विकास गर्दै विद्युतीय पुस्तकालय, सूचना केन्द्र तथा अन्य सेवा विस्तार गर्ने

ङ) "एक वडा एक पुस्तकालय" अवधारणा कार्यान्वयन गरी गाउँपालिकास्तरीय पुस्तकालय सञ्जाल निर्माण गर्ने

च) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी डिजिटल सिकाइ पहुँच बढाउने

छ) प्रौढ साक्षरता, साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रम समुदायको सहकार्यमा सञ्चालन गर्ने

ज) संघीय, प्रदेश सरकार तथा अन्य संघसंस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम विस्तार गर्ने

झ) नवसाक्षर महिला तथा पुरुषलाई आयआर्जन र सीपमूलक कार्यक्रमसँग जोडेर आत्मनिर्भर बनाउने

ञ) नागरिकहरूको आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोड्युल र भाषिक विविधताअनुसार सामग्री विकास तथा प्रयोग गर्ने

ट) सरोकारवालाको समन्वयमा साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने

ठ) समुदायमा रहेका परम्परागत ज्ञान तथा सीपहरुको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्ने

ड) अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र अभिलेखीकरण प्रणाली सुदृढ गर्ने

ढ) सामुदायिक सिकाइ केन्द्रमार्फत आयआर्जन तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्ने

ण) गाउँपालिकालाई पूर्ण साक्षर तथा शिक्षित गाउँपालिका घोषणा गर्ने लक्ष्यसहित चरणबद्ध कार्ययोजना कार्यान्वयन गर्ने

## ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

### (क) अपेक्षित उपलब्धि

**सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यान्त सिकाइको अवसर प्राप्त भएको हुनेछ।**

## ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य(१०वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | सामुदायिक सिकाइ केन्द्रको अनुदान | वटा | २ | २ | २ | २ | २ | २ | २ |
| २ | सामुदायिक अध्ययन तथा अनुसन्धान केन्द्रको लागि पूर्वाधार विकास | वटा | ० | ० | १ | ० | ० | १ | १ |
| ३ | सामुदायिक अध्ययन तथा अनुसन्धान केन्द्रको स्थापना | वटा | ० | ० | ० | १ | ० | १ | १ |
| ४ | घरधुरी सर्वेक्षणको आधारमा निरक्षर व्यक्तिको तथ्यांक संकलन | पटक | ० | १ | ० | ० | ० | १ | २ |
| ५ | महिला तथा प्रौढहरुलाइ साक्षरता ,निरन्तर शिक्षा र आजीवन सिकाइ कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | परिचालकहरूको क्षमता विकास कार्यक्रम सञ्चालन | पटक | ० | ० | १ | ० | ० | १ | २ |
| ७ | विद्यालय बाहिर रहेका बालबालिकाहरूको नामनामेशी विवरण सहितको प्रोफाइल विकास | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |

## ३.५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (TEVT) व्यक्तिलाई श्रम बजार अनुकुल सीपयुक्त र आत्मनिर्भर बनाई मुलुकको आर्थिक समृद्धिमा योगदान पुऱ्याउने व्यावहारिक शिक्षा प्रणाली हो। नेपालको वर्तमान संवैधानिक तथा संघीय कानुनी संरचनाले यस शिक्षाको विकास र सञ्चालनका लागि राज्यका तीनै तहका सरकारलाई स्पष्ट र परिपूरक जिम्मेवारीहरू सुम्पिएको छ। नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकको माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने मौलिक हक सुनिश्चित गर्दै धारा ५१ (ज) मार्फत शिक्षालाई वैज्ञानिक, प्राविधिक र रोजगारमूलक बनाउने राज्यको नीति निर्धारण गरेको छ। यसै संवैधानिक मार्गदर्शनका आधारमा संघीय तहले राष्ट्रिय शिक्षा नीति, २०७६, शिक्षा मन्त्रालय अन्तर्गतको प्राविधिक धार (कक्षा ९-१२) को कार्यक्रम र प्राविधिक शिक्षा तथा**

व्यावसायिक तालिम परिषद ऐन, २०४५ मार्फत देशैभरिको प्राविधिक शिक्षाको राष्ट्रिय मापदण्ड निर्धारण, पाठ्यक्रम विकास, गुणस्तर नियन्त्रण र प्रमाणीकरणको भूमिका निर्वाह गर्दछ। नेपालको विद्यालय शिक्षा प्रणालीमा प्राविधिक शिक्षा केवल **CTEVT** को संरचनामा मात्र सीमित नभई शिक्षा तथा मानव स्रोत विकास केन्द्र (**CEHRD**) मार्फत सामुदायिक विद्यालयहरूमा कक्षा ९ देखि १२ सम्म "प्राविधिक तथा व्यावसायिक धार" का रूपमा समेत विस्तारित छ। यस अन्तर्गत विद्यार्थीहरूले विद्यालय तहदेखि नै कम्प्युटर इन्जिनियरिङ (**Computer Engineering**), कृषि तथा पशु विज्ञान (**Agriculture/Animal Science**), सिभिल इन्जिनियरिङ (**Civil Engineering**), इलेक्ट्रिकल इन्जिनियरिङ र वन विज्ञान जस्ता विविध र आधुनिक प्राविधिक विधाहरूको अध्ययन गर्ने अवसर प्राप्त गर्दछन्। प्रादेशिक तहले आफ्नो प्रदेशभित्र यस्ता विभिन्न विधाका प्राविधिक शिक्षालयहरूको स्थापना, सञ्चालन, प्रादेशिक तहको जनशक्ति प्रक्षेपण र समन्वय सम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था मिलाउने गर्दछ।

यसै गरी, संघीयताको सबैभन्दा जगमा रहेको स्थानीय तहलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को खण्ड 'ज' ले आफ्नो गाउँपालिकाभित्र आधारभूत र माध्यमिक शिक्षाका साथै प्राविधिक शिक्षा र व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने पूर्ण र एकल कार्यकारिणी अधिकार प्रदान गरेको छ। पञ्चेश्वर गाउँपालिकाले आफ्नो 'गाउँ शिक्षा योजना' मा यस विधालाई समेट्नुको प्रमुख कानुनी आधार पनि यही स्थानीय सरकार सञ्चालन ऐन नै हो। तसर्थ, संघीय सरकारको गुणस्तरीय मापदण्ड र प्रदेश सरकारको समन्वयकारी नीतिको परिधिभित्र रही पञ्चेश्वर गाउँपालिकाले स्थानीय स्रोत, साधन, बजारको माग र भूगोल सुहाउँदो प्राविधिक धार (९-१२) वा **CTEVT** अन्तर्गतका शिक्षालय तथा अल्पकालीन सीपमूलक तालिमहरू सञ्चालन गर्ने कानुनी अधिकार राख्दछ। यसरी तीनै तहका सरकारका कानुनी प्रावधानहरूको जगमा उभिएर गाउँपालिका भित्र कम्प्युटर इन्जिनियरिङ र कृषि जस्ता रोजगारीका उच्च सम्भावना भएका विधाहरूलाई गाउँपालिकाको शैक्षिक नीतिमा मूलप्रवाहीकरण गर्न लागिएको हो। यस योजना मार्फत विपन्न, महिला, युवा तथा सीमान्तकृत समुदायलाई हातमा सीप र राष्ट्रिय रूपमा प्रमाणित शैक्षिक डिग्री प्रदान गरी स्वरोजगारी सिर्जना गर्ने र गाउँपालिकाको समग्र सामाजिक-आर्थिक रूपान्तरण गर्ने उद्देश्यका साथ यो प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी योजना यस गाउँ शिक्षा योजनामा समावेश गरिएको हो।

### ३.५.१ वर्तमान अवस्था

पञ्चेश्वर गाउँपालिकामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको वर्तमान अवस्थालाई हेर्दा स्थानीय तहकै प्रयास र समन्वयमा सुखद सुरुवात भएको देखिन्छ। नेपाल सरकारको 'एक स्थानीय तह, एक प्राविधिक शिक्षालय' को नीति र गाउँपालिकाको शैक्षिक रूपान्तरणको संकल्प अनुरूप हाल यस गाउँपालिका भित्र दुईओटा सामुदायिक विद्यालयहरूमा फरक-फरक विधा र संरचनाका प्राविधिक कार्यक्रमहरू सफलतापूर्वक सञ्चालनमा रहेका छन्। यसै क्रममा, गाउँपालिकाको वडा नम्बर ३ मा रहेको कुलाउ माध्यमिक विद्यालयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CEHRD) को विद्यालय शिक्षाको प्राविधिक तथा व्यावसायिक धार अन्तर्गत कम्प्युटर इन्जिनियरिङ (Computer Engineering) कार्यक्रम सञ्चालन भईरहेको छ, जसले विद्यार्थीहरूलाई सानै उमेरदेखि आधुनिक सूचना प्रविधिको क्षेत्रमा दक्ष बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।

यसै गरी, वडा नम्बर ५ मा रहेको नागार्चन माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) सँगको सम्बन्धन र साझेदारीमा १८ महिने कृषि (Agriculture/Plant Science) कार्यक्रम सञ्चालनमा रहेको छ। पञ्चेश्वरको मुख्य आर्थिक खम्बा कृषि नै भएकाले नागार्चन मा.वि.मा सञ्चालित यो कार्यक्रमले स्थानीय स्तरमै माटो सुहाउँदो र व्यावसायिक खेती प्रणाली बुझेको प्राविधिक जनशक्ति उत्पादन गर्न प्रत्यक्ष सहयोग पुऱ्याइरहेको छ। यसरी एउटा विद्यालयमा विद्यालय धारको इन्जिनियरिङ र अर्को विद्यालयमा CTEVT धारको कृषि कार्यक्रम सञ्चालन हुनुले पञ्चेश्वरका युवाहरूलाई गाउँपालिका बाहिर नगई आफ्नै गाउँघरमा प्राविधिक शिक्षा प्राप्त गर्ने अवसर त दिएको छ, तर भौगोलिक विकटताका कारण सबै वडाका विद्यार्थीहरूको यसमा समान पहुँच पुग्न सकेको देखिँदैन। वर्तमान अवस्थामा यी सञ्चालित कार्यक्रमहरूको दिगोपन, आवश्यक भौतिक पूर्वाधार (प्रयोगशाला, प्रयोगात्मक फर्म), दक्ष विषय शिक्षक तथा प्रशिक्षकहरूको व्यवस्थापन र उत्पादित जनशक्तिलाई स्थानीय स्तरमै रोजगारी वा स्वरोजगारीसँग जोड्नु पञ्चेश्वर गाउँपालिकाको प्रमुख दायित्व र चुनौतीका रूपमा रहेको छ।

### ३.५.२ उद्देश्यहरु

१) सञ्चालित कार्यक्रमको गुणस्तर र पूर्वाधार सुदृढीकरण,
२) स्थानीय उद्यमशीलता, स्वरोजगार र बजार व्यवस्थापन,
३) पहुँचमा समता, समावेशीता र अल्पकालीन तालिम,
४) तीन तहको कानुनी समन्वय र विधा विस्तार,

### ३.५.३ रणनीतिहरू

क) गाउँपालिका भित्र सञ्चालित प्राविधिक धारका विद्यालयहरूको लागि आवश्यक अत्याधुनिक प्रयोगशाला, प्रयोगात्मक फर्म, र दक्ष प्रशिक्षकहरूको दिगो व्यवस्थापन गरी प्राविधिक शिक्षाको गुणस्तर सुनिश्चित गर्ने।

ख) उत्पादित प्राविधिक जनशक्तिलाई गाउँपालिकाको कृषि र सूचना प्रविधि क्षेत्रमा प्राथमिकताका साथ परिचालन गर्दै स्थानीयस्तरमै व्यावसायिक उद्यमशीलता र स्वरोजगारीका अवसरहरू सिर्जना गर्ने।

ग) महिला, दलित तथा विपन्न विद्यार्थीहरूका लागि प्राविधिक शिक्षामा छात्रवृत्तिको व्यवस्था गर्ने र विद्यालय बाहिर रहेका नागरिकका लागि बजारको माग अनुसारका अल्पकालीन सीपमूलक व्यावसायिक तालिमहरू सञ्चालन गर्ने।

घ) संघीय, प्रादेशिक र स्थानीय सरकारको कानुनी प्रावधान अनुरूप सीटीईभीटी (CTEVT) र शिक्षा मन्त्रालयसँग समन्वय गरी गाउँपालिकाको आवश्यकता अनुसार भविष्यमा सिभिल इन्जिनियरिङ जस्ता अन्य प्राविधिक विधाहरू विस्तार गर्ने।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

#### (क) अपेक्षित उपलब्धि

पञ्चेश्वर गाउँपालिकाको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सफलतापूर्वक कार्यान्वयन भए पश्चात् हाल सञ्चालित कम्प्युटर इन्जिनियरिङ र १८ महिने कृषि कार्यक्रम आधुनिक प्रयोगशाला, प्रयोगात्मक फर्म र दक्ष प्रशिक्षकहरूको उपलब्धताले गुणस्तरीय र नतिजामुखी बन्नेछन्। उत्पादित जनशक्तिले स्थानीय कृषि र सूचना प्रविधि क्षेत्रमा योगदान पुऱ्याउँदै स्वरोजगारीका अवसरहरू प्राप्त गर्नेछन्, जसले बाह्य बसाइँसराइ र परनिर्भरता घटाउनेछ। यसै गरी, छात्रवृत्ति मार्फत दुर्गम क्षेत्रका युवा, महिला, दलित र विपन्न विद्यार्थीहरूको प्राविधिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित हुनेछ भने विद्यालय बाहिर रहेका नागरिकले अल्पकालीन सीपमूलक तालिम प्राप्त गरी तत्काल आयआर्जनमा जोडिनेछन्। अन्ततः, नेपालको तीनै तहको कानुनी परिधिभित्र रही सीटीईभीटी (CTEVT) र शिक्षा मन्त्रालयसँगको समन्वयमा भविष्यमा सिभिल इन्जिनियरिङ जस्ता नयाँ विधाहरू विस्तार भई पञ्चेश्वर गाउँपालिका आत्मनिर्भर र समृद्ध बन्नेछ।

### ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य(१०वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | प्राविधिक धार सञ्चालित विद्यालयहरूमा आधुनिक ल्याब, कम्प्युटर र कृषि/पशुपालन प्रयोगात्मक फार्मको निर्माण तथा स्तरोन्नति | विद्यालय | ० | १ | १ | ० | ० | २ | २ |
| २ | छात्रा, दलित तथा विपन्न विद्यार्थीहरूका लागि प्राविधिक शिक्षा छात्रवृत्ति | प्रतिशत | ० | १५ | १५ | १५ | १५ | ६० | १२० |
| ३ | आधारभूत तहका विद्यार्थी र अभिभावकहरूलाई प्राविधिक शिक्षाको महत्त्व, छात्रवृत्ति र भविष्यका अवसरहरूबारे जानकारी दिन अभिमुखीकरण कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |

## ३.६ उच्च शिक्षा

उच्च शिक्षा मुलुकका लागि आवश्यक उच्चस्तरीय विशेषज्ञ जनशक्ति, अनुसन्धाता, नीति निर्माता र नेतृत्व उत्पादन गर्ने ज्ञानमा आधारित शिक्षा प्रणाली हो। नेपालको संविधानले मौलिक हकका रूपमा शिक्षालाई आत्मसात् गर्दै राज्यको नीति मार्फत उच्च शिक्षालाई गुणस्तरीय, पहुँचयोग्य र रोजगारमूलक बनाउने दिशानिर्देश गरेको छ।

नेपालमा उच्च शिक्षाको गुणस्तर अभिवृद्धि, अनुदान वितरण, समन्वय र शैक्षिक मापदण्ड कायम (QAA Process) गर्ने केन्द्रीय निकायका रूपमा विश्वविद्यालय अनुदान आयोग (UGC) क्रियाशील छ। संघीय सरकारले उच्च शिक्षाको राष्ट्रिय नीति, मापदण्ड र नियमनको मुख्य भूमिका निर्वाह गर्दछ। त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय लगायतका केन्द्रीय विश्वविद्यालयहरू र स्वायत्त स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू यसै दायराभित्र पर्दछन्। संघीयता कार्यान्वयनसँगै प्रदेश सरकारहरूले आफ्नो प्रदेशको आवश्यकता अनुसार प्रदेश विश्वविद्यालय र प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू स्थापना र सञ्चालन गर्ने कानुनी तथा संरचनागत अभ्यास सुरु गरेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले उच्च शिक्षा प्रत्यक्ष सञ्चालन नगरे तापनि आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक क्याम्पसहरूलाई आर्थिक तथा भौतिक सहयोग गर्ने, छात्रवृत्ति कोष

स्थापना गर्ने र स्थानीय बजार तथा भूगोल अनुकुलका उच्च शिक्षाका विषयहरू (जस्तैः कृषि, पर्यटन, व्यवस्थापन) अध्ययनका लागि प्रोत्साहन गर्ने भूमिका खेल्दछ।

पञ्चेश्वर गाउँपालिकाले माध्यमिक तहसम्मको शिक्षा हासिल गरेका विपन्न, महिला, युवा तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूको उच्च शिक्षासम्म निरन्तरता र सुलभ पहुँच सुनिश्चितताका लागि उच्च शिक्षासम्बन्धी योजना गाउँ शिक्षा योजनामा समावेश गरिएको हो। गाउँपालिकाभित्रका प्रतिभाशाली तथा आर्थिक रूपमा विपन्न विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनका लागि प्रोत्साहित गर्दै दक्ष, प्रतिस्पर्धी र आत्मनिर्भर जनशक्ति तयार पार्नु यस योजनाको मुख्य लक्ष्य रहेको छ। यसरी शिक्षामा समतामूलक पहुँच कायम गरी स्थानीय जनशक्तिको क्षमता अभिवृद्धिमार्फत गाउँपालिकाको समग्र सामाजिक-आर्थिक रूपान्तरण गर्ने दूरगामी उद्देश्यका साथ उच्च शिक्षासम्बन्धी यो योजना गाउँ शिक्षा योजनामा समावेश गरिएको हो।

## ३.६.१ वर्तमान अवस्था

पञ्चेश्वर गाउँपालिकामा उच्च शिक्षाको अवस्थालाई हेर्दा केही सकारात्मक प्रयासहरू सुरु भएका छन्, तर अझै धेरै काम गर्न बाँकी नै देखिन्छ। पञ्चेश्वर गाउँपालिका वडा नं. ३ कुलाउमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त नवप्रभात संयुक्त क्याम्पस वि.सं. २०६९ बाट सञ्चालनमा रहेको छ। यस क्याम्पसले गर्दा विशेष गरी गाउँका छोरीबुहारी, आर्थिक रूपमा कमजोर परिवारका विद्यार्थी र टाढा जान नसक्ने युवाहरूलाई आफ्नै ठाउँमा स्नातक पढ्ने ठूलो सहारा मिलेको छ। उक्त नवप्रभात संयुक्त क्याम्पसमा शिक्षा शास्त्रको मात्र पढाइ हुन्छ। प्राविधिक, व्यवस्थापन वा विज्ञान विषय पढ्नका लागि हाम्रा युवाहरू धनगढी, महेन्द्रनगर वा काठमाडौं धाउन बाध्य छन्। आर्थिक रूपमा विपन्न तथा जेहेन्दार विद्यार्थीहरूको शिक्षामा निरन्तरता सुनिश्चित गर्न गाउँपालिकाले विभिन्न छात्रवृत्ति एवं सहयोग कार्यक्रमहरू सञ्चालन गर्नुका साथै नवप्रभात संयुक्त क्याम्पसलाई वार्षिक अनुदान रकम उपलब्ध गराउँदै आएको छ। तसर्थ, माध्यमिक तह सकेका विद्यार्थीहरूलाई उच्च शिक्षामा टिकाइराख्नु, माथिल्लो तहसँग जोड्नु पञ्चेश्वर गाउँपालिकाको मुख्य प्राथमिकता रहेको छ।

## ३.६.२ उद्देश्यहरु

१) उच्च शिक्षामा समावेशी र सुलभ पहुँच विस्तार गर्नु
२) स्थानीय सामुदायिक क्याम्पसको स्तरोन्नति र गुणस्तर अभिवृद्धि गर्नु

### ३.६.३ रणनीतिहरू

क) विपन्न, महिला, अपाङ्गता भएका र सीमान्तकृत समुदायका जेहेन्दार विद्यार्थीका लागि पारदर्शी मापदण्डका आधारमा 'उच्च शिक्षा छात्रवृत्ति' कार्यक्रम सञ्चालन गर्ने ।

ख) नवप्रभात संयुक्त क्याम्पसलाई दिइने अनुदानलाई नतिजामुखी बनाउँदै भौतिक पूर्वाधार र प्रविधि विकासमा सदुपयोग गर्ने ।

ग) UGC, विभिन्न विश्वविद्यालय र छिमेकी क्याम्पसहरूसँग समन्वय गरी प्राध्यापकहरूको क्षमता अभिवृद्धि र शैक्षिक गुणस्तर कायम गर्ने ।

### ३.६.४ प्रमुख उपलब्धि तथा नतिजा

#### (क) अपेक्षित उपलब्धि

उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम मार्फत विपन्न, महिला, अपाङ्गता भएका तथा सीमान्तकृत वर्गका जेहेन्दार विद्यार्थीहरूको उच्च शिक्षामा सहज पहुँच पुगी टिकाउदरमा वृद्धि भएको हुनेछ। साथै, नवप्रभात संयुक्त क्याम्पसको अनुदान नतिजामुखी भई डिजिटल पुस्तकालय तथा शैक्षिक प्रविधि सुदृढ हुनुका साथै UGC र विश्वविद्यालयहरूसँगको समन्वयबाट प्राध्यापकहरूको क्षमता विकास भई पञ्चेश्वर गाउँपालिकामै सर्वसुलभ र गुणस्तरीय उच्च शिक्षा सुनिश्चित भएको हुनेछ।

### ३.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य(१०वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | छात्रवृत्ति कार्यविधि निर्माण | पटक | ० | १ | ० | ० | ० | १ | १ |
| २ | क्याम्पस अनुदानलाई नतिजामुखी सम्झौता (MoU) सँग जोड्ने | पटक | १ | १ | १ | १ | १ | १ | १० |

# परिच्छेद ४
# अन्तरसम्बन्धित विषय क्षेत्रहरु

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

नेपालमा विद्यमान संविधान, राष्ट्रिय शिक्षा नीति, शिक्षा ऐन तथा सम्बन्धित नियम-निर्देशनले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने प्रमुख माध्यमका रूपमा लिएको छ। यी कानुनी प्रावधानअनुसार पाठ्यक्रमले विद्यार्थीको सैद्धान्तिक ज्ञानसँगै व्यवहारिक, जीवनोपयोगी सीप विकास गर्न लक्षित छ भने मूल्याङ्कन प्रणालीले सिकाइ उपलब्धि, दक्षता र सिकाइ प्रक्रियामा प्रगतिको मापन गर्दै विद्यार्थीको पूर्ण मूल्याङ्कन गर्न सुनिश्चित गर्दछ। यसले शिक्षक र विद्यालयलाई पनि जिम्मेवार बनाउँदै शिक्षा प्रणालीमा पारदर्शिता, समावेशिता र गुणस्तरीय सुधारको वातावरण सिर्जना गर्ने कार्य गर्दछ।

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक जगहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो। पाठ्यकम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भईरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरू गरियो। यसै क्रममा वि.सं.२०७६ सालमा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरू गरिएको र वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १ देखि १२ सम्म यो पाठ्यक्रम कार्यान्वयन गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ।

### ४.१.१ वर्तमान अवस्था

पञ्चेश्वर गाउँपालिकामा हाल पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने माध्यमका रूपमा विकास गर्ने प्रयास भईरहेको छ। विद्यालयहरूमा स्थानीय आवश्यकता, भाषा, कला, संस्कृति, र सीप समेटिएको स्थानीय पाठ्यक्रम हाल पूर्ण रूपमा लागू भएको छ जसले विद्यार्थीको जीवनोपयोगी सीप, नैतिक शिक्षा, अनुशासन र समाजसेवा जस्ता विषयवस्तुमा विशेष जोड दिइएको छ।

मूल्याङ्कन र परीक्षा प्रणालीमा परम्परागत, केवल सैद्धान्तिक मूल्याङ्कनमा निर्भर अभ्यासलाई सुधार गर्दै वैज्ञानिक, व्यवस्थित र नतिजामुखी बनाउने प्रयास भईरहेको छ। आधारभूत र माध्यमिक तहका प्रत्येक कक्षा र विषयका लागि सिकाइ उपलब्धि मापन गर्ने सूचकहरू विकास गर्ने रणनीति लिइएको छ। शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षाको परिणामसँग जोड्ने, अपाङ्गता भएका बालबालिकाका लागि विशेष मूल्याङ्कन गर्ने, तथा प्रयोगात्मक अभ्यास र इन्टर्नसीपसमेत मूल्याङ्कनमा समावेश गर्ने व्यवस्था विकास भईरहेको छ।

गाउँपालिकाले मूल्याङ्कन र अनुगमनलाई चुस्त बनाउन स्थानीय संयन्त्र निर्माण गरिरहेको छ। यसरी पञ्चेश्वर गाउँपालिका पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई स्थानीय परिवेश अनुकुल, समावेशी, गुणस्तरीय र नतिजामुखी बनाउन अग्रसर रहेको देखिन्छ।

### ४.१.२ उद्देश्यहरु

क) विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
ख) स्थानीय पाठ्यक्रम परिमार्जन तथा प्रभावकारी रूपले कार्यान्वयन गर्नु
ग) पाठ्यक्रमले तोके बमोजिम विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नु

### ४.१.३ रणनीतिहरू

क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने।
ख) विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गर्ने।
ग) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने।
घ) विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने।
ङ) शिक्षकका लागि शिक्षक निर्देशिका तथा विद्यार्थीका लागि सिकाइ स्रोत सामग्री, स्वाध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने।
च) सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने।
छ) विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने।
ज) सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने।

झ) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने।

ञ) स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने।

ट) विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने।

ठ) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास एवमं कार्यान्यन गर्ने,

ड) स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

#### (क) अपेक्षित उपलब्धि

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुनेछ।

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | कक्षा १-३ मा पढाइ तथा गणित क्षेत्रका थप सिकाइ सामग्री छपाइ तथा वितरण | विद्यालय | ० | ० | ३२ | ० | ० | ३२ | ३२ |
| २ | राष्ट्रिय परीक्षा बोर्डबाट विकास गरिएको कक्षा ८ को परीक्षा सञ्चालनसम्बन्धी मार्गदर्शन समेतका आधारमा परीक्षा सञ्चालन तथा विद्यार्थी मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | पाठ्यक्रमसम्बन्धी कस्टमाइज्ड तालिम (अनलाइन समेत) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | शैक्षिक गुणस्तर परीक्षण मूल्याङ्कन कार्यक्रम | पटक | ० | १ | ० | १ | ० | २ | ५ |
| ५ | विद्यालय तहका परीक्षा (सबै कक्षाका त्रैमासिक, अर्धवार्षिक र वार्षिक) सञ्चालन गर्न खर्च व्यवस्थापन | विद्यालय | ० | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| ६ | सुपरिवेक्षण तथा अनुगमन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | विषयगत शिक्षक सञ्जाल तथा पेसागत सिकाइ समुदाय गठन | वटा | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | परीक्षा नतिजा विश्लेषण गरी सुधारात्मक कार्ययोजना कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

शिक्षाको गुणस्तर सुधारमा शिक्षक व्यवस्थापन र विकासको भूमिका निर्णायक हुन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, प्रेरित, समर्पित र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुनु आवश्यक छ। शिक्षकको विषयगत ज्ञान, शिक्षण सिकाइमा दक्षता र नमुना व्यवहारले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। यसका लागि शिक्षकको पेसागत विकास सुनिश्चित गर्दै विद्यालयमा प्रभावकारी शिक्षक व्यवस्थापन गर्न आवश्यक छ। प्राथमिक तहमा शिक्षक-विद्यार्थी अनुपात विद्यार्थी सङ्ख्याको आधारमा र माध्यमिक तहमा विषयगत मापदण्डअनुसार कायम गरिएको छ। शिक्षकको क्षमता अभिवृद्धि, तालिम, कार्यशाला, अवलोकन भ्रमण, मेन्टरिङ तथा प्रविधिको प्रयोगमार्फत शिक्षक पेसालाई रोजाइको पेसा बनाउने प्रयास गाउँपालिकाले गर्दै आएको छ। यसरी शिक्षक व्यवस्थापन र विकासले शिक्षाको गुणस्तर वृद्धि गर्न, शिक्षकलाई जिम्मेवार बनाउने र कक्षाकोठामा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ प्रवाह सुनिश्चित गर्ने लक्ष्य राखिएको छ।

### ४.२.१ वर्तमान अवस्था

पञ्चेश्वर गाउँपालिका भित्रका अधिकांश विद्यालयहरूमा विषयगत शिक्षकहरूको दरबन्दी पर्याप्त नभएको देखिन्छ। विद्यार्थी संख्यासँग अनुपात मिलाएर शिक्षक दरबन्दीको पुनर्वितरण र व्यवस्थापन गर्न अहिले टड्कारो आवश्यकता छ। त्यस्तै, हाल कार्यरत शिक्षकहरूका लागि नवीनतम् शिक्षण पद्धति, सूचना प्रविधि र बाल मनोविज्ञानसँग सम्बन्धित नियमित र गुणात्मक तालिमको अभाव रहेको छ। शिक्षकहरूको निरन्तर पेसागत विकासलाई अझ नतिजामुखी र नियमित बनाउन आवश्यक छ। शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग वैज्ञानिक रूपमा जोड्ने संयन्त्रको कमी भएको छ, जसले शिक्षकलाई थप जिम्मेवार, उत्तरदायी र नतिजामुखी बन्ने आवश्यकता देखाउँछ। यी चुनौतीहरूको समाधानका लागि गाउँपालिका शिक्षक दरबन्दी मिलान, कार्यसम्पादनमा आधारित पुरस्कार तथा प्रोत्साहन, र नियमित पुनर्ताजगी तालिमको माध्यमबाट दीर्घकालीन रणनीतिहरू लागू गर्दै आएको छ।

### ४.२.२ उद्देश्यहरु

क) विषयगत र विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,

ख) विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेसागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,

ग) शिक्षकलाई निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,

### ४.२.३ रणनीतिहरू

क) विद्यार्थी संख्यासँग अनुपात मिलाएर तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र आवश्यकता अनुसार पुनर्वितरण गर्ने।

ख) रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षक व्यवस्थापन गर्ने।

ग) दक्ष र तालिमप्राप्त शिक्षकको आपूर्ति सुनिश्चित गर्ने र नियुक्ति प्रक्रिया पारदर्शी बनाउने।

घ) शिक्षकहरूको नियमित पेसागत विकासका लागि तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण र मेन्टरिङको व्यवस्था गर्ने।

ङ) शिक्षकलाई ICT उपकरण, स्मार्ट बोर्ड र डिजिटल शिक्षण विधि प्रयोगमा प्रशिक्षित गर्ने।

च) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक र अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टरिङ्ग उपलब्ध गराउने।

छ) शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र मूल्याङ्कनसँग जोडेर वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गर्ने।

ज) उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई पुरस्कार र प्रोत्साहन कार्यक्रममार्फत प्रेरित गर्ने।

झ) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने।

ञ) प्रधानाध्यापकलाई नेतृत्व, विद्यालय व्यवस्थापन, लेखा तथा संसाधन व्यवस्थापनमा तालिम प्रदान गर्ने।

ट) शिक्षक तथा प्रधानाध्यापकको पेसागत विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकास गर्ने।

ठ) कार्ययोजना, शैक्षिक योग्यता र अनुभवको आधारमा प्रधानाध्यापकको छनौट गर्ने।

ड) नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउने।

ढ) शिक्षक व्यवस्थापन र विकासको प्रभावकारितालाई समय-समयमा अनुगमन गरी सुधारात्मक कदम चाल्ने।

## ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

### (क) अपेक्षित उपलब्धि

विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन हुनेछ, विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेसागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ र शिक्षकलाई निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता भएको हुनेछ।

## ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य(१०वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | असल अभ्यासको अवलोकन भ्रमण | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| २ | शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | प्रविधि तथा व्यवहार कुशल सीपहरूको एकीकरण तथा बिद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण कार्यशालाको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली विकास र कार्यान्वयन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ४.३ शैक्षिक समता र समावेशीकरण

शिक्षा क्षेत्रमा समता र समावेशीकरण विशेष रूपमा महत्वपूर्ण छन्। समावेशी शिक्षा प्रणालीले सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्दछ। विद्यालयले विद्यार्थीहरूको विविध आवश्यकता अनुसार पाठ्यक्रम, शिक्षण विधि, मूल्याङ्कन र भौतिक वातावरण अनुकुल बनाउँछ। यसले विशेष आवश्यकता भएका, अपाङ्गता भएका, भाषिक वा सांस्कृतिक रूपमा फरक पृष्ठभूमिका तथा वञ्चित समुदायका बालबालिकालाई शिक्षा प्रणालीमा समावेश गर्न मद्दत गर्दछ।

समता र समावेशीकरणको प्रभावकारी कार्यान्वयनले सामाजिक न्याय, समान अवसर, मानव अधिकारको

संरक्षण र दिगो विकासलाई प्रवर्धन गर्दछ। यसले समाजमा रहेका विभेद र असमानता कम गर्दै सबै नागरिकलाई समान रूपमा सम्मानजनक र सक्रिय जीवन जीउने अवसर प्रदान गर्दछ। त्यसैले, समता र समावेशीकरणलाई नीति, योजना र कार्यक्रमहरूको मुख्य आधारका रूपमा ग्रहण गर्नु आवश्यक हुन्छ।

### ४.३.१ वर्तमान अवस्था

पञ्चेश्वर गाउँपालिकाले शिक्षा तथा सामाजिक सेवामा समता र समावेशीकरणलाई प्राथमिकता दिँदै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। गाउँपालिकामा हाल ३२ ओटा सामुदायिक विद्यालय छन्, जसमा ४१५८ जना विद्यार्थी अध्ययनरत छन्। तीमध्ये छात्राको संख्या करिब ५० प्रतिशत रहेको छ भने दलित समुदायका विद्यार्थीहरूको संख्या करिब ३६ प्रतिशत रहेको छ।

गाउँपालिकाले आर्थिक रूपमा कमजोर तथा बिपन्न समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको छ। हालसम्म करिब ४०-४५ जना विद्यार्थीले छात्रवृत्ति सुविधा प्राप्त गरेका छन्। त्यसैगरी अपाङ्गता भएका विद्यार्थीहरूको संख्या करिब ३८ जना रहेको छ र उनीहरूका लागि समावेशी शिक्षालाई प्रवर्धन गर्ने प्रयास भईरहेको छ।

यद्यपि, केही विद्यालयहरूमा शिक्षक दरबन्दी, स्रोतसाधन तथा पूर्वाधारको असमानता देखिन्छ। विशेष गरी दुर्गम बस्तीका बालबालिकाको नियमित उपस्थिति, सिकाइ उपलब्धि तथा डिजिटल स्रोतमा पहुँच अझै चुनौतीपूर्ण रहेको छ।

समग्रमा हेर्दा पञ्चेश्वर गाउँपालिकाले समता र समावेशीकरणलाई संस्थागत गर्न प्रयास गरे तापनि सबै समुदाय र समूहसम्म सेवाको समान पहुँच सुनिश्चित गर्न थप तथ्यमा आधारित योजना, लक्षित कार्यक्रम तथा प्रभावकारी अनुगमन आवश्यक देखिन्छ।

### ४.३.२ उद्देश्यहरु

क) शिक्षा तथा सामाजिक सेवामा सबै बालबालिका र समुदायको समान पहुँच सुनिश्चित गर्दै विशेषगरी वञ्चित, सीमान्तकृत तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता वृद्धि गर्नु,

ख) जातजाति, लिङ्ग, भाषा, आर्थिक अवस्था, अपाङ्गता तथा भौगोलिक अवस्थाका कारण हुने विभेदलाई न्यूनीकरण गर्दै समावेशी, सुरक्षित र समान अवसरयुक्त वातावरण निर्माण गर्नु,

### ४.३.३ रणनीतिहरू

क) विद्यालयमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्न शिक्षक, विद्यार्थी तथा अभिभावक लगायत सबै सरोकारवालाहरूलाई नियमित अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
ख) विद्यालयका सबै शैक्षिक तथा अतिरिक्त गतिविधिहरूमा बालबालिकाको समावेशी तथा समान सहभागिता सुनिश्चित गर्ने।
ग) विद्यालयमा विशेषगरी छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि "जेन्डर फोकल पर्सन" वा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने।
घ) प्रत्येक विद्यालयमा गुनासो पेटिका राखी विद्यार्थी तथा सरोकारवालाहरूका गुनासो सङ्कलन र समाधानको व्यवस्था गर्ने।
ङ) सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरू (शौचालय, र्याम्प, सुरक्षित कक्षा कोठा आदि) निर्माण तथा सुधार गर्ने।
च) घरधुरी सर्वेक्षणमार्फत बालबालिकासम्बन्धी आवश्यक विवरण सङ्कलन गरी तथ्याङ्क अद्यावधिक गर्ने र सोही आधारमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने।
छ) साधारण विद्यालयमा भर्ना भएर अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाका लागि स्रोत कक्षा वा आवश्यक सहयोगी सेवा उपलब्ध गराउने।
ज) समावेशी र समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित विद्यार्थीहरूका लागि आवश्यक छात्रवृत्ति तथा अन्य सहयोग कार्यक्रम उपलब्ध गराउने।
झ) विशेषगरी किशोरीहरूलाई हुने विभेद, हिंसा तथा हेपाइ न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम, अनुगमन, निरीक्षण तथा आवश्यक अनुसन्धान सञ्चालन गर्ने र विभेद गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउने।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

#### (क) अपेक्षित उपलब्धि

समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।

### ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य(१०वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | शिक्षाको मूल प्रबाह बाहिर रहेका र नरहेका सबै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | लक्षित बर्गको लागि छात्रबृत्ति (विपन्न, दलित, छात्रा, सिमान्तकृत तथा अपाङ्ग) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | सबै प्रकारका विभेदको अन्तकालागि सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | ० | १ | ० | १ | ० | २ | ४ |
| ४ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको ब्यबस्था | विद्यालय | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| ५ | बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन र परिचालन | आधारभूत विद्यालय | १७ | १७ | १७ | १७ | १७ | १७ | १७ |
| ६ | विद्यार्थीहरुको अपाङ्गताको पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि आवश्यक सहायक सामग्री (Assistive Devices) उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | सुरक्षित यातायात तथा छात्रावास सुविधा सुनिश्चित गर्ने (विशेष गरी छात्रा र अपाङ्गता भएका विद्यार्थीका लागि) | विद्यालय | ० | २ | २ | २ | २ | २ | २ |

## ४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाइ कार्यक्रम

विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाइ कार्यक्रम विद्यालय उमेरका बालबालिकाको समग्र विकास, नियमित उपस्थिती र सिकाइ उपलब्धि सुधार गर्न सञ्चालन गरिने महत्वपूर्ण कार्यक्रम हो। यस कार्यक्रमअन्तर्गत विद्यालयमा अध्ययनरत बालबालिकालाई पोषणयुक्त दिवाखाजा उपलब्ध गराउने, स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने, व्यक्तिगत तथा वातावरणीय सरसफाइका व्यवहारहरू प्रवर्धन गर्ने तथा विद्यालयमा सुरक्षित र स्वच्छ वातावरण निर्माण गर्ने कार्यहरू गरिन्छन्। यसले बालबालिकाको स्वास्थ्य अवस्था सुधार गर्न, कुपोषण न्यूनीकरण गर्न तथा विद्यालयमा नियमित उपस्थिति र सक्रिय सहभागिता बढाउन महत्वपूर्ण योगदान पुऱ्याउँछ। साथै विद्यालय, अभिभावक र समुदायको सहकार्यमा स्वास्थ्य, पोषण र सरसफाइसम्बन्धी सकारात्मक व्यवहार विकास गर्न पनि

यस कार्यक्रमले सहयोग गर्दछ।

### ४.४.१ वर्तमान अवस्था

पञ्चेश्वर गाउँपालिकाले बालबालिकाको स्वास्थ्य, पोषण र समग्र विकास सुनिश्चित गर्न विद्यालय स्तरमा विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। सामुदायिक विद्यालयहरूमा बालविकासदेखि कक्षा ५ सम्मको दिवाखाजा नेपाल सरकारले व्यवस्थापनमा रहेको छ।यस कार्यक्रमबाट विशेषगरी आर्थिक अवस्था कमजोर परिवारका विद्यार्थीहरू लाभान्वित भएका छन्।

गाउँपालिकाका सबै माध्यमिक तथा केही आधारभूत विद्यालयमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण भईसकेका छन् र बाँकी विद्यालयमा निर्माण प्रक्रिया जारी छ। कक्षा ६-१२ सम्म अध्ययनरत छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन सुनिश्चित गर्न निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिएको छ। साथै सबै विद्यालयमा प्राथमिक उपचार सामाग्रीको बाकस राखिएको छ र बालिकाहरूका लागि आइरन चक्की वितरण गरी पोषण सुधारमा सहयोग पुऱ्याइएको छ।

यी कार्यक्रमहरूले बालबालिकाको स्वास्थ्य सुधार, कुपोषण न्यूनीकरण, नियमित उपस्थिती र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पुऱ्याउँदै समता र समावेशीकरणलाई प्रवर्धन गर्न महत्वपूर्ण भूमिका खेलेका छन्।

### ४.४.२ उद्देश्यहरु

क) बालबालिकाहरुलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

ख) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य,पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण,स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु,

### ४.४.३ रणनीतिहरू

क) सबै सामुदायिक विद्यालयहरूमा बालविकासदेखि आधारभूत तहसम्म पोषिलो र ताजा दिवाखाजा उपलब्ध गराउने।

ख) विद्यालय भान्सा, भण्डार, भान्सामा प्रयोग हुने भाँडावर्तन र सामाग्री सुधार्ने, समूहमा हात धुने सुविधा विस्तार गर्ने।

ग) पर्याप्त पानी, साबुन, सफाइ सामाग्री, अलग-अलग शौचालय र युरिनल, किशोरीका लागि चेन्ज रुम, किशोरीकक्ष र परिसर सरसफाइ सुनिश्चित गर्ने।
घ) प्राथमिक उपचार किट वितरण, बालबालिकाको स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व वितरण नियमित गर्ने।
ङ) किशोरीहरूको महिनावारी स्वच्छता व्यवस्थापनका लागि सेनिटरी प्याड वितरण प्रभावकारी बनाउने।
च) विद्यार्थी, शिक्षक र अभिभावकलाई पोषण, स्वास्थ्य, स्वच्छता र महिनावारी व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
छ) अपाङ्गता भएका, वञ्चित र आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई लक्षित गरी कार्यक्रम पहुँच सुनिश्चित गर्ने।
ज) शिक्षक र कर्मचारीलाई तालिम दिई क्षमता विकास गर्ने।
झ) अभिभावक र समुदायलाई अनुगमन, सुधार र मूल्याङ्कनमा सक्रिय सहभागी बनाउने।
ञ) स्वास्थ्य, पोषण, सरसफाइ र किशोरी स्वच्छता कार्यक्रमलाई स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय गरी संयुक्त कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने।
ट) कार्यक्रमको अनुगमन, मूल्याङ्कन र पुनरावलोकन गर्दै प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

#### (क) अपेक्षित उपलब्धि

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा समतामूलक पहुँच तथा सहभागिता भएको हुनेछ।

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य(१०वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | विद्यालय पोषण र दिवाखाजा सम्बन्धी कार्यविधि तयार तथा कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २ | सेनेटरी प्याडका साथै अन्य सरसफाइ सामग्री वितरण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ३ | प्राथमिक उपचार कक्ष सञ्चालन, स्वास्थ्य जाँच र पोषण तत्व वितरण कार्यक्रम | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | विद्यार्थी, शिक्षक र अभिभावकका लागि पोषण, स्वास्थ्य र स्वच्छतासम्बन्धी सचेतनामूलक कार्यक्रम | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | कार्यक्रमको अनुगमन, मूल्याङ्कन, समिक्षा र सुधार | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| ६ | दिवा खाजा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक थप कार्यक्रमहरु | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |

## ४.५ आपतकालीन अवस्थामा शिक्षा

आपतकालीन अवस्था, जस्तै प्राकृतिक प्रकोप, महामारी, द्वन्द्व वा अन्य संकटका बेला बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ। यस क्रममा विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, अनलाइन वा सामुदायिक आधारमा सिकाइको व्यवस्था गरिनु पर्छ। शिक्षण सामग्री, शिक्षक प्रशिक्षण र विद्यार्थीहरूको पहुँचमा ध्यान दिँदै सबै बालबालिकाले समान अवसर पाउनुपर्छ। आपतकालीन शिक्षाले मात्र बालबालिकाको सिकाइ निरन्तरता सुनिश्चित गर्दैन, उनीहरूको मानसिक स्वास्थ्य, सुरक्षा र सामाजिक सुरक्षा पनि प्रवर्धन गर्छ। यसले दीर्घकालीन विकास र समावेशी समाज निर्माणमा योगदान पुऱ्याउँछ।

### ४.५.१ वर्तमान अवस्था

बैतडी जिल्लाको पञ्चेश्वर गाउँपालिकामा आपतकालीन अवस्थामा शिक्षाको वर्तमान अवस्था भौगोलिक विकटता र सीमित पूर्वाधारका कारण अझै पनि चुनौतीपूर्ण र आधारभूत स्तरमै सीमित रहेको छ। गाउँपालिकाले पञ्चेश्वर गाउँपालिका शिक्षा ऐन, २०७५ जारी गर्दै अनौपचारिक तथा दूर शिक्षा सञ्चालन गर्ने नीतिगत आधार तय गरे तापनि व्यवहारमा यसको कार्यान्वयन निकै कठिन देखिन्छ। यस क्षेत्रमा केन्द्रीय विद्युतीकरणको पूर्ण पहुँच नहुनु र अधिकांश भूभाग सौर्य ऊर्जामा निर्भर रहनुका साथै इन्टरनेट प्रविधिको पहुँच निकै कमजोर रहेकाले महामारी वा अन्य संकटका बेला अनलाइन कक्षा वा डिजिटल सिकाइ सञ्चालन गर्न असम्भव प्रायः छ। यसका साथै मनसुनको समयमा आउने भारी वर्षा र पहिरोका कारण ग्रामीण सडक एवं गोरेटो बाटाहरू अवरुद्ध हुँदा बालबालिकाहरूको नियमित विद्यालय यात्रा प्रभावित हुने गरेको छ भने संकटको समयमा वैकल्पिक सिकाइ केन्द्र सञ्चालन गर्न सुरक्षित भौतिक पूर्वाधार र सार्वजनिक भवनहरूको समेत अभाव देखिन्छ। यस्ता चुनौतीहरूका बीच गाउँपालिकाको शिक्षा शाखा र स्थानीय विद्यालयहरूले प्रविधिको विकल्पका रूपमा संकटकालीन

अवस्थामा शिक्षकहरूलाई टोल-टोलमा खटाएर 'टोल सिकाइ' मार्फत ससाना समूहमा शिक्षण कार्यलाई निरन्तरता दिने प्रयास गर्ने गरेका छन्।

## ४.५.२ उद्धेश्यहरु

क) प्राकृतिक प्रकोप, महामारी वा अन्य संकटका बेला पनि सबै बालबालिकाले समान रूपमा निरन्तर शिक्षा प्राप्त गर्न पहुँच र अवसर सुनिश्चित गर्नु

ख) आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुऱ्याउनु

## ४.५.३ रणनीतिहरु

क) संघीय सरकारले बनाएको विपद्/आपतकालीन कार्यविधि स्थानीय स्तरमा लागू गर्ने संयन्त्र विकास गर्ने।

ख) स्थानीय सरकार र विज्ञहरूसँग अन्तरक्रिया गरी तहगत वैकल्पिक सिकाइ पाठ योजना तयार गर्ने।

ग) स्थानीय रेडियो, टेलिभिजन र अन्य सञ्चार माध्यमसँग समन्वय गर्ने।

घ) विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माणमा जोड दिने।

ङ) गाउँपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने, जसमा विद्यालय शिक्षा उपसमिति पनि रहने।

च) प्रत्येक विद्यालयमा आपतकालीन प्रतिकार्य योजना तयार गर्ने।

छ) महामारी वा संकटका समयमा वैकल्पिक शिक्षण-सिकाइ उपाय तयार गर्ने।

ज) स्थानीय तह र विद्यालयका कर्मचारी/शिक्षकहरूको आपतकालीन क्षमता विकास गर्ने।

झ) विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश गरी कार्यान्वयन गर्ने।

ञ) हरित विद्यालय, जलवायु परिवर्तन र दिगो विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

ट) संकट/आपतकालिन अवस्थामा बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तरता कायम गर्ने।

ठ) **Covid-19** जस्ता संकटले पार्ने छोटो र लामो अवधि प्रभाव पहिचान गरी समाधान गर्ने।

ड) विपद् पूर्व तयारी, प्रतिकार्य र ड्रिल अभ्यासलाई विद्यालयको वार्षिक योजना समावेश गर्ने।

ढ) शिक्षक र विद्यार्थीलाई विपद्, जलवायु परिवर्तन र आपतकालीन तयारी सम्बन्धी ज्ञान र व्यवहारिक तालिम दिने।

ण) अभिभावक र समुदायलाई आपतकालीन शिक्षामा सक्रिय सहभागी बनाउने।

त) संकट-आपतकालिन अवस्था व्यवस्थापनका लागि नियमित अनुगमन, मूल्याङ्कन र सुधार गर्ने।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

#### (क) अपेक्षित उपलब्धि

आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुगेको हुनेछ ।

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य(१०वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | विपद योजना तयार गरी कार्यान्वयन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २ | जोखिम नक्सांकन गर्ने | पटक | ० | १ | ० | ० | ० | १ | २ |
| ३ | विद्यालयमा आपतकालीन कोषको स्थापना गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ४ | प्राथमिक स्वास्थ्य सामग्रीको व्यवस्था गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | विद्यालयमा सुचना प्रविधिको विस्तार गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ६ | वैकल्पिक विधिको प्रयोग गरी शिक्षालाई निरन्तरता दिन क्षमता विकास गर्ने | शिक्षक | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ७ | निरन्तर तथा सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित समिति गठन गरी परिचालन गर्ने | पटक | आवश्यकता अनुसार | | | | | | |
| ८ | शिक्षक तथा विद्यार्थीको लागि Simulation and Drill को अभ्यास गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

विद्यालयमा बालबालिकाले सुरक्षित र गुणस्तरीय शिक्षा प्राप्त गर्न भौतिक पूर्वाधार अत्यन्त महत्वपूर्ण हुन्छ। शिक्षा नियमावली २०५९ अनुसार, प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल तोकिएको छ। यसले प्रत्येक विद्यार्थीले पर्याप्त स्थानमा पठनपाठन गर्न सक्ने वातावरण सुनिश्चित गर्छ। विद्यालयका आधारभूत भौतिक पूर्वाधारमा सुरक्षित विद्यालय भवन, पढ्नका लागि कक्षाकोठा, खेलकुदका लागि खेलमैदान, शौचालय, स्वच्छ पानी, सफाइ, पुस्तकालय र बुक कर्नर जस्ता सुविधा समावेश हुन्छन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयलाई बालमैत्री, सुरक्षित, हरित र विपद् जोखिममुक्त बनाउन भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, स्वच्छ खानेपानी र पुस्तकालय जस्ता सम्पूर्ण पूर्वाधार विकास गर्ने नीतिगत व्यवस्था गरेको छ। यी पूर्वाधारले मात्र शिक्षामा पहुँच सुनिश्चित नगरी बालबालिकाको सिकाइ अनुभव, स्वास्थ्य र समग्र विकासमा पनि योगदान पुऱ्याउँछ।

### ४.६.१ वर्तमान अवस्था

पञ्चेश्वर गाउँपालिकामा बालबालिकाको सुरक्षित र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न विद्यालय भौतिक पूर्वाधार विकासमा लगातार प्रयास भईरहेका छन्। गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा कक्षाकोठा, खेलमैदान, शौचालय, स्वच्छ पिउने पानी, फर्निचर, पुस्तकालय र बुक कर्नर लगायतका आधारभूत संरचना उपलब्ध छन्। प्रारम्भिक बालविकास तथा आधारभूत तहका कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल सुनिश्चित गर्ने प्रयास गरिएको छ।

गाउँपालिकाले विद्यालय भवन र अन्य पूर्वाधारलाई सुरक्षित, बालमैत्री तथा हरित विद्यालयको रूपमा विकास गर्ने नीति अनुसार काम गर्दै आएको छ। केही विद्यालयमा भवन विस्तार, खेलमैदान सुधार र शौचालय/स्वच्छता सुविधा सुधार गर्न आवश्यक देखिन्छ। यद्यपि, सबै विद्यालयमा विपद् प्रतिरोधी पूर्वाधार निर्माण, पर्याप्त खेल क्षेत्र र पुस्तकालय सुविधा सुनिश्चित गर्न थप प्रयास जारी छ।

समग्रमा, पञ्चेश्वर गाउँपालिकाले विद्यालय भौतिक पूर्वाधारको विकासमा ठोस कदम चाल्दै आएको भए तापनि विद्यालयहरूको भौतिक वातावरण सुधार, समावेशी पहुँच र विपद् जोखिम न्यूनीकरणमा अझै योजना र स्रोतको आवश्यकता देखिन्छ।

### ४.६.२ उद्देश्यहरु

क) सबै विद्यालयमा बालबालिकाको सिकाइ, स्वास्थ्य र खेलकुदका लागि पर्याप्त, सुरक्षित र समावेशी भौतिक पूर्वाधार सुनिश्चित गर्नु,

ख) विद्यालय भवन र अन्य पूर्वाधारलाई बालमैत्री, हरित र विपद् जोखिममुक्त बनाउँदै दीर्घकालीन टिकाउ विकास प्रवर्धन गर्नु,

### ४.६.३ रणनीतिहरू

क) विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा पूर्वाधार विकासका मापदण्ड तयार गर्ने।

ख) पूर्वाधार निर्माण र स्तरोन्नतिका लागि संघसंस्था, सरोकारवालासँग लागत साझेदारी गर्ने।

ग) कक्षाकोठा, शिक्षक/प्रधानाध्यापक कक्ष, प्रशासनिक कक्ष, स्वच्छ खानेपानी, शौचालय, भान्सा/खाजाका घरलगायत पूर्वाधार समावेश गरेर डिजाईन गर्ने।

घ) प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्थासहित स्तरोन्नति गर्ने।

ङ) पूर्वाधार निर्माणसँगै विद्यालय व्यवस्थापन र संस्थागत क्षमता अभिवृद्धि गर्ने।

च) विद्यालय भौतिक पूर्वाधारका लागि सूचक तयार गरी अनुगमन गर्ने।

छ) आंशिक क्षति भएका विद्यालय संरचनाको मर्मत सम्भार नियमित गर्ने।

ज) विद्यालय भवन र पूर्वाधारलाई विपद् जोखिममुक्त, सुरक्षित र हरित बनाउने।

झ) विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने।

ञ) खेलकुद मैदान, पुस्तकालय/बुक कर्नर र अन्य सिकाइ स्रोत सुनिश्चित गर्ने।

ट) विद्यार्थीहरूको पहुँच र समावेशिता सुनिश्चित गर्दै सबै पूर्वाधार डिजाइन गर्ने।

ठ) अनुगमन, मूल्याङ्कन र सुधार मार्फत पूर्वाधारको टिकाउपन र प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

#### (क) अपेक्षित उपलब्धि

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुनेछ।

### ४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य(१०वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | विद्यालय भवन निर्माण तथा मर्मतमा भूकम्प प्रतिरोधी मापदण्ड अनिवार्य कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २ | बाढी, पहिरो जोखिम क्षेत्रको नक्साङ्कन गरी जोखिम न्यूनीकरण योजना तयारी | पटक | ० | १ | ० | ० | ० | १ | २ |
| ३ | विद्यालय परिसरमा वर्षा पानी निकास सुधार तथा व्यवस्थापन | पटक | आवश्यकता अनुसार | | | | | | |
| ४ | हरित विद्यालय अवधारणा अनुसार वृक्षारोपण तथा हरियाली प्रवर्धन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | सौर्य ऊर्जा जडान गरी वैकल्पिक ऊर्जा प्रयोग विस्तार | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ६ | विद्यालय भवन तथा पूर्वाधारको नियमित प्राविधिक अनुगमन तथा मर्मत प्रणाली विकास | पटक | आवश्यकता अनुसार | | | | | | |

## ४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ। त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ।

सूचना तथा सञ्चार प्रविधि (ICT) विद्यालय शिक्षामा सिकाइ प्रक्रियालाई थप प्रभावकारी, सहभागी र आधुनिक बनाउन प्रयोग गरिन्छ। ICT मार्फत शिक्षकहरूले बहु-माध्यमिक सामग्री, अनलाइन स्रोत, डिजिटल कक्षाकोठा र शिक्षण सफ्टवेयरको प्रयोग गरी पाठ्यक्रम अनुसार सिकाइ अनुभव समृद्ध बनाउन सक्छन्। विद्यार्थीहरूलाई खोज, अनुसन्धान, प्रोजेक्ट कार्य र संवादात्मक सिकाइमा सहभागी गराउने ICT ले सिकाइलाई सक्रिय र रचनात्मक बनाउँछ। विद्यालय शिक्षामा ICT को प्रयोगले शिक्षण-सिकाइलाई विद्यार्थी केन्द्रित बनाउँछ, सूचना पहुँच सजिलो बनाउँछ, सहकार्य र सञ्चार प्रवर्धन गर्छ र डिजिटल सीप विकासमा सहयोग पुर्‍याउँछ। यसले मात्र ज्ञान प्राप्तिमा सहजता ल्याउने होइन, भविष्यका दक्ष र सृजनशील नागरिक तयार पार्नमा पनि महत्वपूर्ण योगदान दिन्छ।

### ४.७.१ वर्तमान अवस्था

पञ्चेश्वर गाउँपालिकामा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग विस्तार हुँदै आएको छ। केही माध्यमिक र आधारभूत विद्यालयमा आंशिक रूपमा कम्प्युटर ल्याब, प्रोजेक्टर, स्मार्ट बोर्ड र इन्टरनेट सुविधा उपलब्ध छ। शिक्षकहरूले सिकाइ प्रक्रियामा डिजिटल स्रोत, अनलाइन सामग्री र प्रस्तुति प्रविधिको प्रयोग गर्दै पाठ्यक्रम अनुसार पाठ सञ्चालन गरिरहेका छन्। तर, सबै विद्यालयमा ICT पहुँच समान छैन। दुर्गम क्षेत्रका विद्यालयहरूमा उपकरण, इन्टरनेट र प्रशिक्षित शिक्षकको अभावले डिजिटल शिक्षामा चुनौती देखा परेको छ। गाउँपालिकाले ICT पहुँच, उपकरण उपलब्धता, शिक्षक तालिम र डिजिटल पाठ्य सामग्री विकासमा प्रयास गर्दै आएको छ। समग्रमा, पञ्चेश्वर गाउँपालिकामा ICT को प्रयोगले शिक्षक र विद्यार्थी दुवैका लागि सिकाइ अनुभव समृद्ध बनाउने क्रम जारी छ, तर समावेशी र पूर्ण पहुँच सुनिश्चित गर्न अझ योजना र स्रोतको आवश्यकता देखिन्छ।

### ४.७.२ उद्देश्यहरु

क) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चित गरी शिक्षक र विद्यार्थीको सिकाइ अनुभव प्रभावकारी बनाउनु,

ख) ICT प्रयोगमार्फत डिजिटल क्षमता, अनुसन्धान, सहकार्य र रचनात्मक सोच विकास गर्दै गुणस्तरीय र समावेशी शिक्षा प्रवर्धन गर्नु,

### ४.७.३ रणनीतिहरू

क) सबै विद्यालयमा ICT को आधारभूत संरचना र उपकरण (कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड आदि) उपलब्ध गराउने।

ख) शिक्षकहरूको ICT प्रयोग क्षमता वृद्धि गर्न तालिम र कार्यशाला सञ्चालन गर्ने।

ग) कक्षा र विषय अनुसार तयार गरिएका अन्तरक्रियात्मक डिजिटल पाठ्य सामग्रीको प्रयोग बढाउने।

घ) शिक्षक सहायता, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीमा ICT को प्रयोग गर्ने।

ङ) शैक्षिक स्रोत र सामग्रीमा इन्टरनेट सुविधा मार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने।

च) विद्यालय प्रशासन, सूचना व्यवस्थापन र शिक्षासम्बन्धी सेवा प्रवाहमा ICT प्रयोग विस्तार गर्ने।

छ) दुर्गम क्षेत्रका विद्यालयमा ICT पहुँच सुनिश्चित गर्न मोबाइल/साझा उपकरण वा अनलाइन समाधानको व्यवस्था गर्ने।

ज) ICT मार्फत विद्यार्थी केन्द्रित, अनुसन्धान र परियोजना आधारित सिकाइ प्रवर्धन गर्ने।

झ) ICT सम्बन्धी अनुगमन, मूल्याङ्कन र सुधार कार्य योजनामा समावेश गरी प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

#### (क) अपेक्षित उपलब्धि

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई  सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रबर्द्धन हुनेछ।

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य(१०वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | विद्यालयमा भर्चुअल शिक्षण, ई-लर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | विद्यालयमा बिद्युत सुविधाका लागि अनुदान | विद्यालय | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| ३ | "एक विद्यार्थी, एक क्षमता" कार्यक्रम सञ्चालन गर्न विद्यार्थी | विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिभा फाइल (Students digital Profile) निर्माण र प्रतिभा प्रदर्शन | | | | | | | | |
| ४ | सबै सामुदायिक विद्यालयमा शिक्षक डिजिटल/स्मार्ट हाजिरी व्यवस्थापन | विद्यालय | ३२ | ० | ० | ० | ० | ३२ | ३२ |
| ५ | सबै सामुदायिक विद्यालयमा विद्यार्थी डिजिटल/स्मार्ट हाजिरी व्यवस्थापन | विद्यालय | ० | ४ | ५ | ४ | ४ | १७ | ३२ |
| ६ | डिजिटल सिकाइ कक्षा व्यवस्थापन तथा सञ्चालन | विद्यालय | ९ | ८ | ५ | ५ | ५ | ३२ | ३२ |

# परिच्छेद ५

# सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ। सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ। सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ। शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आ-आफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ। नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ। विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ। यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ।

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तरता प्रदान गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा

भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ।

योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँसभा, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन्। शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ। त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन र प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिन्छ। योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता विना सफल कार्यान्वयन हुन सक्दैन। त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा स्थानीय तहका २३ ओटा अधिकारहरूको व्यवस्था गरेको छ। विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा तथा खेलकूद मन्त्रालय रहेको छ। सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन्। साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गत रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ ओटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ ओटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ। प्रत्येक तहमा शिक्षा, युवा तथा खेलकुद महाशाखा /शाखाको व्यवस्था गरिएको छ ।

### ५.१.१ वर्तमान अवस्था

यस गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ। शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ। प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन्।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गर्न सकेका छैनन्। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ। त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

### ५.१.२ उद्देश्यहरु

क) स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,

ख) तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,

ग) स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,

घ) जनशक्तिहरुको संस्थागत क्षमता विकास गर्नु,

### ५.१.३ रणनीतिहरू

क) स्थानीय तहमा शिक्षा व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने।

ख) संस्थागत संरचनाअनुसार आवश्यक जनशक्तिको व्यवस्था गर्ने।

ग) कार्यरत शिक्षक, कर्मचारी र प्रधानाध्यापकको क्षमता विकास गर्ने।

घ) शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गरी उनीहरूको व्यावसायिक विकास सुनिश्चित गर्ने।
ङ) प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई नेतृत्व र क्षमता विकास गर्ने।
च) विद्यालय कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने।
छ) विद्यालय प्रशासन र व्यवस्थापन संरचनामा सुधार गर्ने।
ज) शिक्षक, प्रधानाध्यापक र कर्मचारीको पेसागत क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने।
झ) विद्यालय, शिक्षक र विद्यार्थीको कार्यसम्पादन नियमित अनुगमन र मूल्याङ्कन गर्ने।
ञ) मानव, वित्तीय र भौतिक स्रोतको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने।
ट) स्थानीय सरकार, समुदाय र सरोकारवालासँग सहकार्य र समन्वय बढाउने।
ठ) ICT र डिजिटल प्रणालीमार्फत प्रशासन र शिक्षण-सिकाइ प्रक्रियालाई सुदृढ गर्ने।
ड) विद्यालय सुधार योजना, बजेट र नीति निर्माणमा क्षमता अभिवृद्धि गर्ने।
ढ) विपद् र आपतकालीन अवस्थामा विद्यालय व्यवस्थापन र शिक्षकहरूको तयारी क्षमता विकास गर्ने।

